दर्ता नं. १३०३/०६६

पान नं.३०४२८९८६३५

‘सरल जीवनयापनका लागि आदर्श आर्थिक विकास’

# आदर्श आर्थिक विकास

## बचत तथा ऋण सहकारी संस्था लि.

केन्द्रिय कार्यालयः बनेपा-८, काभ्रेपलाञ्चोक
सेवा कार्यालयः बेथानचोक-२, काभ्रेपलाञ्चोक
*Email: aadarshasaccos2066@gmail.com*

# १६औं
## वार्षिक
## साधारण सभा

15th ANNUAL REPORT

## वार्षिक प्रतिवेदन-२०८२

२०८२ असोज ०४ गते, शनिबार

# सञ्चालक समितिका पदाधिकारीहरू



**दिपेन्द्र श्रेष्ठ**
अध्यक्ष



**मैया श्रेष्ठ**
उपाध्यक्ष



**जेन वादे**
सचिव



**रामशरण तिमल्सिना**
कोषाध्यक्ष



**राजेन्द्र घिमिरे**
सदस्य



**जीवन पोखरेल**
सदस्य



**प्रेम कृष्ण वादे**
सदस्य



**सुरेन्द्र श्रेष्ठ**
सदस्य



**उर्मिला रञ्जितकार**
सदस्य

'सरल जीवनयापनका लागि आदर्श आर्थिक विकास'

# आदर्श आर्थिक विकास बचत तथा ऋण सहकारी संस्था लि.

# Aadarsha Arthik Bikash saving & Credit Co-operative Society Ltd.

केन्द्रिय कार्यालयः बनेपा-८, काभ्रेपलाञ्चोक

सेवा कार्यालयः बेथानचोक-२, काभ्रेपलाञ्चोक

## १६ औँ बार्षिक साधारण सभाहुने सम्बन्धी सुचना ।

यस संस्थाको मितिवि.सं २०८२/०४/२५ गते शनिबारका दिन बसेको संचालक समितिको निर्णय अनुसार तपशिलको मिति,स्थान र समयमा निम्न विषयहरु माथि छलफल गरि निर्णय लिन यस संस्थाको १६ औँसाधारण सभाहुने भएकोले सम्पुर्ण शेयर सदस्य तथा शुभ-चिन्तकहरुलाई उपस्थितिका लागि विनम्र अनुरोध गर्दछौं ।

प्रस्तावहरु

१) संचालक समितिको तर्फबाट आ व २०८१/०८२ को प्रगति प्रतिवेदन तथा ०८२/८३को भावी कार्यक्रम प्रस्तुत तथा अनुमोदन सम्बन्धमा ।

२) आ.व ०८१/०८२को लेखापरिक्षण प्रतिवेदन प्रस्तुत तथा अनुमोदन सम्बन्धमा ।

३) आ.व ०८२/०८३ को लागि लेखापरिक्षक नियुक्ति तथा पारिश्रमिक तोक्ने सम्बन्धमा ।

४) नगदलाभांस पारित गर्ने सम्बन्धमा ।

५) विनियम संसोधन गर्ने सम्बन्धमा ।

६) निर्वाचन गर्ने सम्बन्धमा ।

७) सदस्यहरुको सुझाव तथा साधारण सभा पारवहन भत्ता वितरण गर्ने सम्बन्धमा ।

८) आन्तरिक निति तथा कार्य विधिहरु परिमार्जन सम्बन्धमा ।

९) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।

१०) संरक्षितपुँजिफिर्ता कोषको रकम वितरण सम्बन्धमा ।

११) संचालक समिति,लेखा समिति तथा अन्य उप समिति व्यवस्थापकको बैठक भत्ता वितरण सम्बन्धमा ।

१२) अन्य कोष संचालन सम्बन्धमा ।

१३) संस्था एकीकरण सम्बन्धमा ।

१४) विविध ।

कार्यक्रम

मिति - २०८२ असोज ०४ गते शनिवार बनेपा

स्थान - संस्थाको कार्यालय भवन, बनेपा न.पा ०८ काभ्रे तथा बेथानचोक गा.पा ०२ ढुंर्खक

समय - विहानको १०:३० बजे

सदस्यलाई जानकारी

१) साधारण सभामा उपस्थित हुने सदस्यलाई आवतजावत खर्च बापत रु २०० कर बाहेक प्रदानगरिने छ ।

२) साधारण सभामा उपस्थित हुने शेयर सदस्यले शेयर सदस्यलाई वितरण गरिएको अर्धकट्टी ल्याउनुपर्ने छ ।

३) साधारण सभामा स्वयम् उपस्थित हुनुपर्ने छ र प्रतिनिधिलाई सहभागी गराईने छैन । साथ साथै बाल बचतकर्तालाई आवतजावत खर्च प्रदान गरिने छैन ।

४) माथिका शिर्षक वा विविधको प्रस्तावमा छलफल गर्ने इच्छुक शेयर सदस्यले मिति २०८२/०६/०३ गते सम्ममा संस्थाको कार्यालयमा लिखित रुपमा प्रस्तावदर्ता गर्नुहुन अनुरोध गरिन्छ ।

५) चालु आ.व मा नियमित बचत नगरेको सदस्यलाई साधारण सभामा उपस्थित गराईने छैन । अत बचत गर्ने बाँकी सदस्यले २०८२/०५/३० गते सम्ममाअनिवार्य बचत गर्नुहोला ।

सचिव

रामशरण तिमल्सिना

**अनुसूची १**
**(निर्वाचननितिको दफा (५) सँग सम्बन्धीत)**
**निर्वाचन कार्यक्रम तालिका**

**आदर्श आर्थिक विकास बचत तथा ऋण सहकारी संस्थालि. को आगामी ४ बर्षको लागि चयन गरिने संचालक समिति र लेखा समितिको निर्वाचन प्रयोजनको लागि देहाय बमोजिमको कार्यक्रम क्र.सं.**

| क्र.सं. | कार्यक्रम | मिति | समय |
|---|---|---|---|
| १ | मतदातानामावलीप्रकाशन | असोज १ गते बुधवार | दिउँसो १ बजे |
| २ | छुट नामदर्ता सच्चाउने वा हटाउने | असोज १ गते बुधवार | दिउँसो १:०० देखि २:०० सम्म |
| ३ | अन्तिममतदातानामावलीप्रकाशन | असोज १ गते बुधवार | दिउँसो ३:३० बजे |
| ४ | उम्मेदवारी दर्ता | असोज २गते विहिवार | दिउँसो १२.३० बजे |
| ५ | उम्मेदवारहरुको नामावलीप्रकाशन | असोज २ गते विहिवार | दिउँसो २.०० बजे |
| ६ | उम्मेदवारी उपर दावीविरोध | असोज २ गते विहिवार | दिउँसो ३.३० बजे |
| ७ | दावीविरोध माथि छानविन र नामावलीप्रकाशन | असोज २ गते विहिवार | दिउँसो ४.३० बजे |
| ८ | उम्मेदवारी फिर्ता | असोज २ गते विहिवार | साँझ ५:०० बजे |
| ९ | उम्मेदवारहरुको अन्तिमनामावलीप्रकाशन | असोज ३गते शुक्रवार | विहान ११:०० बजे |
| १० | मतदानकार्यक्रम | असोज ४ गते शनिवार | दिउँसो १२:३० देखि ३:०० सम्म |
| ११ | मत गणना | असोज ४ गते शनिवार | ३:०० देखि ४:०० सम्म |
| १२ | मतदान परिणाम घोषणा | असोज ४ गते शनिवार | ४:०० देखि ४:३० सम्म |
| १३ | सपथ ग्रहण | असोज ४ गते शनिवार | ४:३० देखि ५:०० सम्म |
| १४ | प्रमाण पत्रवितरण | असोज ४ गते शनिवार | ५:०० देखि ५:३० सम्म |

**संयोजक**

**पुष्प राजथापा**

**निर्वाचनउप समिति**

# १६ औं वार्षिक साधारण सभा
# वार्षिक प्रतिवेदन पुस्तिका

## प्रकाशक समिति

**सल्लाहकार**
जगननाथ श्रेष्ठ
इन्द्र कुमार शाह ठकुरी

**सम्पादक**
भरत तिमल्सिना

**मुद्रण**
गिरी प्रेस, बनेपा
९८४१३४६३८७, ९८४१५७४८९२

**प्रकाशक**

'सरल जीवनयापनका लागि आदर्श आर्थिक विकास'

**आदर्श आर्थिक विकास**
**बचत तथा ऋण सहकारी संस्था लि.**
केन्द्रिय कार्यालय: बनेपा-८, काभ्रेपलाञ्चोक
सेवा कार्यालय: बेथानचोक-२, काभ्रेपलाञ्चोक

## विषय सूची


| | |
|---|---|
| अध्यक्ष | १ |
| सचिब | २ |
| कोषाध्यक्ष | ५ |
| पर्ल्स अनुमान | ६ |
| नाफा नोक्सान | ७ |
| स्वतन्त्र लेखा परिक्षकको प्रतिवेदन | ९ |
| वासलात | १३ |
| आय व्यय विवरण | १४ |
| इक्विटीमा भएको परिवर्तन | १६ |
| लेखा परिक्षण प्रतिवेदन | १७-२३ |
| लेखा सुपरिवक्षण समिति | २७ |


**"सरल जीवनयापनका लागि आदर्श आर्थिक विकास"**

# आदर्श आर्थिक विकास बचत तथा ऋण सहकारी संस्था लि.

**बनेपा-८, काभ्रेपलाञ्चोक**

*स्थापित २०६६*

## संस्थाको चिनारी

| | |
|---|---|
| स्थापना मिति | २०६६/०१/२३ |
| कार्य संञ्चालन | २०६६/०२/१० |
| दर्ता नं | १३०३/०६६ |
| पान नं | ३०४२९८६३५ |
| संस्थाको प्रकार | वचततथा ऋण |
| अधिकृत शेयर पुँजी | रु ३,००,०००००।- |
| चुक्ता शेयर पुँजी | रु १,५६,५२,५००।- |
| बचत रकम | रु १६२४८०२८२।३० |
| उठाउन बाँकी ऋण | रु १२९४११६७९।२० |
| स्थिर सम्पति | रु ६९७७८७।- |
| तिर्ने बाँकी ऋण | - |
| यस बर्षको नाफा | रु २७१५९८४।-। कर पछिको खुदमुनाफा |
| तरलता | ३४.४३ प्रतिशत |
| तरलता रकम | रु ४१,८५०,८०७।५६ |
| सदस्यता वृद्धि | ३।७०प्रतिशत |
| कुल सम्पतिमा वृद्धि | १३.६६प्रतिशत |
| ऋणको सुरक्षण | जमानीतथाअचल सम्पति |
| संस्थाको कार्यक्षेत्र | बनेपा न.पा भर |
| फोन नं | ०११-६६१०७६ |
| जम्मा सदस्य संख्या | १९३५ ( महिला ८५८,पुरुष १०११,संस्थागत १३ अन्य ५३) |
| संञ्चालक समिति संख्या | ९ |
| लेखा सुपरिवेक्षण समिति | ३ |
| ऋण उप-समिति | ३ |
| व्यवस्थापन उप-समिति | ३ |
| कर्मचारी संख्या | ९ |
| बचतमा व्याजदर | ४% देखि १०% |
| ऋणमा व्याजदर | १२% देखि १६% |
| बचत खाताका प्रकार | मासिक,दैनिक,साधारण,नियमित,मुद्धति,बाल वचत, आर्दश,जिवन सहारा |
| ऋण खाताका प्रकार | व्यवशाहिक,कृषि,शैक्षिक,हायर पर्चेज,मुद्धति,वचतधितो,सामाजिक एकमुष्ठ,जमानीधितो,स्वास्थ्यतथा भैपरि कर्जा आदि । |
| व्याजमा छुट | व्याज रकम ३% मासिक किस्ता आएमा । |
| व्याज लिने प्रकृया | घट्दो दर |

# अध्यक्षको मन्तव्य
आ.व. २०८१/०८२



दिपेन्द्र श्रेष्ठ
अध्यक्ष

आदर्श आर्थिक विकास बचत तथा ऋण सहकारी संस्था लि. बनेपा ८, काभ्रेपलाञ्चोकको १६औँ वार्षिक साधारण सभामा पाल्नु भएका प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, सल्लाहकारज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक एवम् सदस्यज्यूहरू, विभिन्न विषयगत उपसमितिका पदाधिकारी तथा सदस्यज्यूहरू, संस्थाका व्यवस्थापक एवम् कर्मचारी वर्गहरू, संस्थाका आदरणीय शेयर सदस्यज्यूहरू तथा पत्रकार मित्रहरुहरूमा मेरो व्यक्तिगत तर्फबाट र यस संस्थाको तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्दछु ।

डिभिजन सहकारी कार्यालय, धुलिखेलबाट मिति २०६६/०१/२३ मा दर्ता नं. १३०३/०६६ मा विधिवत रुपमा दर्ता भई संस्थाले आफ्नो कारोबार शुरु गरी १६ औं वसन्त पार गरी १७ औं वसन्त प्रवेश गर्दै गर्दा यस संस्थाले जुन प्रगतिको उचाईमा पुग्न सफल भएको छ, त्यसको हामी सधैं सरहाना गदछौं । जस्तो सुकै परिस्थितको सामना गर्दै संस्थाले झन झन आफ्नो उचाई पार गर्दै गएको जानकारी गराउँछु ।

सरल जिवन यापनका लागि,आदर्श आर्थिक विकास भन्ने मुल नारा लाई आत्मासाथ गरेको यस संस्थाले बनेपा नगरपालिका आफ्नो पहिचान बनाउन सफल यस संस्थाले बनेपा नगर भित्र आफ्नो उपस्थितिलाई सबल बनाएकोमा गर्व गर्नु पर्छ । धेरै सहकारीले आफ्नो पहिचान समेत गुमाउँदै गएको अवस्थामा भने सदस्यलाई दिनरात नभई सेवा दिएको कुरा सर्व विदितै छ । सदस्यहरुको सेवा नै मुल मन्त्र बनाएको यस संस्थालेइमान्दारितामा कहिल्यै नचुकेको संस्थाले सम्पुर्ण शेयर सदस्यहरुले साथ दिएमा अझै नयाँ नयाँ उचाई चुम्दै जाने छ भन्नेमा म विश्वात छु ।
सधैं हामी एउटै दायरामा रहि सामाजिक तथा आर्थिक विकाशमा सहयोग पुराउँनु हाम्रो कर्तव्य हो । बदलिदो परिस्थिति सगै संस्थाले दिने सेवा पनि फरक हुनुपर्छ भन्ने मान्यता राखेर अघि बढनु पर्छ भन्ने सोच्चका साथ म अध्यक्ष भएको नाताले हजुरहरुलाई सके सम्म गुणस्तरीय सेवा दिनेछु । आगामी चार बर्ष सम्म सदस्यहरुको हितका लागि पुरा ध्यान दिने प्रतिवदता पनि व्यक्त गर्दछु । अत  निति नियम अनि संस्थागत सिदान्त भित्र चल्न सकेमा संस्था सधै सफल हुन्छ भन्ने कुरा तपाई हामी सबैले बुझी सकेका छौं । संस्था स्वेच्छिक रुपले आफ्नो आर्थिक,सामाजिक,साँस्कृतिक आवश्यता र आकाँक्षा संयुक्त रुपमा प्रजातान्त्रिक रुपले नियन्त्रित भई अघि बढ्ने स्वायता संगठन हो भन्ने कुरा हामी सवैले बुझ्नु जरुरी छ ।

सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा निर्देशनहरुको पूर्ण पालना गर्न सरोकारवाला निकाय, विभिन्न संघ संस्था तथा विज्ञहरुसँग छलफल गर्दै अघि बढ्न संस्था सदैव तयार रहेको छ । स्थानिय निकाय संग समय समयमा समन्वय गरि सोहि अनुसार अघि बढेको संस्था सधै सफल हुन्छ त्यो कुरालाई पनि हामीले पनि बुझेका छौं । नियमन निकाय पनि सदैव सकारात्मक सोच राख्दै संस्थाहरुलाई हौसला बढाउदै अघि बढ्नु जरुरी मैले देखेको छु । विभिन्न बाह्य चुनौती तथा अवसरहरूको मूल्यांकन तथा अध्ययन त्यस्ता समस्या सँग पैठाजोरी खेल्दै समाजमा विश्वासको वातावरण बनाउँदै अघि बढ्न हिला गर्नु हुँदैन भन्ने कुरा म विश्वस्थ रहेको छु । जसरी पुर्व अध्यक्ष ज्युहरुलाई जसरी सहयोग र साथ दिनु भएको थियो ।त्यसरी नै आगामी दिनमा साथ र सहयोगको अपेक्षा गरेको छु ।

अन्त्यमा यहि आउँदै गरेको विजया दशमी शुभ दिपावलीको हार्दिक  तथा छठ पर्वको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । धन्यवाद

धन्यवाद ! जय सहकारी !  जय आदर्श आर्थिक विकास !



# सचिबको मन्तव्य
## आ.व. २०८१/०८२

जेन वादे
सचिब

यस आर्दश आर्थिक विकास बचत तथा ऋण सहकारी संस्थाको १६औं वार्षिक साधारण सभाका सभापति ज्यू , आ-आफना व्यस्त समयको बावजुत हाम्रो निमन्त्रणलाई स्वीकार गरि यस साधारण सभालाई गरिमामय बनाउन पाल्नु भएका श्रद्धेय प्रमुख अतिथिज्यू ,बिशिष्ट अतिथिज्यूहरु, विभिन्न संघ-संस्थाहरुबाट पाल्नुभएका अध्यक्ष तथा प्रतिनिधीज्यूहरु, यस संस्थाको प्रगतिका लागि गतिशिल निर्णय लिन सहयोग गर्नुहुने अध्यक्ष लगाएत सम्पूर्ण संचालक समितकि सहकर्मी मित्रहरु, लेखा समितिका संयोजक तथा सदस्य मित्रहरु, अन्य विभिन्न उप -समितिका मित्रहरु, कर्मचारी वर्ग, पत्रकार ज्यूहरु, यस साधारण सभालाई सफल वनाउन उपस्थितहुनु हुने सम्पूर्ण शेयर सदस्य महानुभावहरु, आज सम्मानित हुनु हुने आदरणीय जेष्ठ शेयर सदस्यज्यूहरु, असल बचत कर्ता ज्यूहरु,असल ऋणी शेयर सदस्यज्यूहरु, पुरस्कृत हुनुहुने आमाबुबा तथा सदस्य साथी असल बाल बचत कर्ता भाइ बहिनीहरुमा यस आर्दश आर्थिक विकास बचत तथा ऋण सहकारी संस्थाको १६औं वार्षिक साधारण सभामा मेरो व्यक्तिगत र संचालक समितिको तर्फबाट अन्तर हृदय देखि नै हार्दिक स्वागत गर्दै यस गरिमामय साधारण सभा समक्ष सभापति संग यो प्रतिवेदन प्रस्तुतगर्ने अनुमति चाहान्छु ।

आदरणीय शेयर सदस्यज्युहरु

यस संस्थाले सदैव सहकारी तथा सदस्यहरु विचको अन्तर सम्बन्धलाई कायमगर्दै सदस्य र संस्थाविच एक अर्काको पुलबन्नु पर्छ जसले एकअर्काको दुख सुखमा सदैव साथदिन सकोस । सहकारी सिद्धान्त आफ्नो मुल्यमान्यतालाई कायमगरि समाजमा एक अद्धितिय योगदानगर्न सफलहुनु संस्थाको मुलमन्त्र हो । आगामी दिनमा कर्मचारी बाट शेयर सदस्यहरुमा अफै चुस्त र दुरुस्त सेवादिन सधैं अगाडी बढ्न सकुनभने आश गरेको छु । भन्दै २०८२ असार मसान्तसम्म यस संस्थाको प्रगति विवरण तथा प्रस्तावित कार्य योजनाहरु निम्न बमोजिम भएको व्यहोरा अवगत गराउँदै यसको अनुमोदनको लागि अनुरोध गर्दछु ।

**१. सदस्य संख्या सम्बन्धमा :**

| | |
|---|---|
| पुरुष बचत कर्ता | - १२११ |
| महिला बचत कर्ता | - ९५८ |
| बाल बचत कर्ता | - ३५१ |
| अन्य संख्या | - ६६ |
| हाल सम्म खाताबन्द | - (३००) |
| जम्मा सदस्य संख्या | - २२८६ |

**२. बैठक**

यस आ.व.२०८१।०८२ मा निम्न बमोजिम समिति, उप-समितिहरुको बैठक बसेर संस्था संचालनका आवश्यक विषयहरुमा छलफल र निर्णय गरिएको थियो ।

| क्र.सं | विवरण | बैठक संख्या |
|---|---|---|
| १ | सञ्चालक समिति | १४ पटक |
| २ | लेखा सुपरीवेक्षण समिति | ३ पटक |
| ३ | ऋण लगानी उप-समिति | २० पटक |
| ४ | व्यवस्थापन उप-समिति | २ पटक |
| ५ | शिक्षा उप-समिति | ३ पटक |
| ६ | महिला उप-समिति | २ पटक |

३. व्यवस्थापन तथा कर्मचारी :

| | |
|---|---|
| व्यवस्थापक | १ जना |
| ऋण अधिकृत | १ जना |
| बरिष्ठ कार्यलय सहायक | १ जना |
| कार्यलय सहायक | २जना |
| सहायक ऋण अधिकृत | १जना |
| बजार प्रतिनिधि | ३जना |
| जम्मा कर्मचारी | ९ जना |

४.सहभागितातथा आवद्धता

१. संस्थाले संस्थाको भवनमा मिति २०८१।०७।१० गते शनिबारका दिन १५औं वार्षिक साधारण सभा सम्पन्न गऱ्यो ।

२ संस्थाले यहि २०८२।०२।१७गते शनिवारका दिन शक्ति बचत तथा ऋण सहकारी संस्थालाई आफुमा गाभी संयुक्त साधारण सभा सम्पन्न गर्यो ।

३.संस्थाले यस बर्ष २७जना सुत्केरी सदस्य भेटघाट गरी नवजात शिशुलाई लत्ताकपडा वितरण गरियो ।

३ संस्थाले निमन्त्रण गरेका ठाउँमा अन्तरक्रिया तथा गोष्ठीमा सहभागिता जनाइयो ।

४. यस वर्ष पनि विभिन्न सघं संस्थाहरुलाई आर्थिक सहयोग प्रदान गरियो ।

५. संस्थाले यस वर्ष संस्थाका सदस्यहरुको मृत्यु हुदाँ उहाँहरुको परिवारलाई पारिवारीक राहत उपलव्ध गरायो ।

६. संस्थाले यस बर्ष सहकारी भ्रमण तथा अवलोकन सम्पन्न गरियो ।

७. संस्थाले गत आ.व झैं यो बर्षमा बालवालिकालाई स्टेशनरी उपलब्ध संचालन गरियो ।

८. संस्थाको कार्य सम्पादनमा सहजताको लागि कर्मचारी श्री एलिना श्रेष्ठ तथा सुजना तिमल्सिनालाई बजार प्रतिनिधिको रुपमा नियुक्ति दिइयो । शक्ति बचत तथा ऋण सहकारी संस्था गावेर आउनु भएकाकर्मचारीलाई समेत व्यवस्थापनगरियो ।

५ आ.व २०८२/०८३कालागिकार्य योजनाहरु

१. यस संस्थाले आवश्यकपर्दा आन्तरिक कार्याविधि तथा नितिहरुलाई संशोधन गर्ने कार्यलाई निरन्तरता दिने छ ।

२. संस्थाले बजार प्रतिनिधिलाई रकम संकलनका लागि आधुनिक संञ्चार माध्यमको प्रयोग गरिने छ ।

३. सदस्य राखेको रकमलाई समयमा नै जानकारी होस भन्ने हेतुले एस.एम.एस सिष्टमको विकास गरिने छ ।

४ संस्थानिरन्तर नभएका कतिपय आन्तरिक व्यवस्थापनलाई व्यवस्थापन गरिने छ ।

५ संस्थाले सदस्यको हितहुने खालका विभिन्न प्रकारका बचत निति ल्याई सदस्यलाई अधितम सेवा पुराउन जोड दिइने छ ।

६. गतबर्ष झैं यस बर्ष पनिसुत्केरी राहत,गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृद्धि,सदस्य सम्मान जस्ता योजनालाई निरन्तरता दिईने छ ।

७. आगामीबर्ष सहकारी भ्रमण अवलोकन गरिने छ ।

८.समय सापेक्ष रुपमा उपयुक्त संस्थाहरु संगको मर्जरलाई यस बर्ष पनि प्रोत्साहन गरिने छ ।

९ बेला बेलामा हामी भन्दा माथिल्लो निकायबाट आएका सल्लाह तथा सुझावलाई सम्भव भएसम्म कार्यन्यन लगिने छ ।

६. सम्मानकार्यक्रम :

शेयर सदस्यतालिई कारोबार गरिरहेका बचत तथा ऋणतर्फ सदस्यहरुमध्ये उत्कृष्ट कारोबार गर्ने शेयर सदस्यहरुलाई प्रोत्साहनदिई प्रत्येक वर्षको साधारण सभामा पुरस्कृत गर्दै जाने क्रममाआ.व. २०८०।०८१को कारोबारको आधारमानिम्न शेयर सदस्यहरुलाई सम्मानगर्ने निर्णय गरेका छौं ।

| क्र.सं | सम्मान | नाम थर | सदस्यता नं | ठेगाना |
|---|---|---|---|---|
| १ | बृद्ध बचत सम्मान | धुर्व बहादुर बुढाथोकी | १२१० | बनेपा १३ |
| २ | बृद्धा बचत सम्मान | भिम कुमारी घिमिरे | १११९ | बनेपा ०३ |
| ३ | उत्कृष्ट बालक | प्रविनश्रेष्ठ | १३६७ | धुलिखेल |
| ४ | उत्कृष्ट बालिका | रोनिताप्रजापती | १२१७ | बनेपा ०४ |
| ५ | उत्कृष्ट पुरुष बचत पुरुष | मिठा रामतिमल्सिना | ५३७ | बेथानचोक |
| ६ | उत्कृष्ट बचत महिला | सानु मायाश्रेष्ठ जो सी | ९६३ | बनेपा ०८ |
| ७ | असल ऋणी | अप्सरा दाहाल | २५५१ | बनेपा |

शेयर सदस्यहरुले यस संस्था प्रति देखाउनु भएको माया, सद्भाव र सहयोगबाट नै आज यो संस्था आफ्नो लक्ष्यतर्फ अग्रशर भएको छ। यस संस्थामा सदस्यहरुको जुन उपस्थिति रहने गर्छ, त्यसको यस संस्थाले सदैब कृतज्ञयता अर्पण गर्दछ र आगामी दिनहरुमा पनि सदस्यहरुको साथको खाँचो यस संस्थालाई रहने नै छ भन्दै यहि आउँदो चार्ड विजय दशमी,शुभ दिपावली तथा छठ पर्बको हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दै म यहाँ वाट विदा हुन चाहान्छु ।

धन्यवाद

जय सहकारी, जय आदर्श आर्थिक

## कोषाध्यक्षको मन्तव्य
आ.व. २०८१/०८२



राम शरण तिमल्सिना
कोषाध्यक्ष

१६औं बार्षिक साधारण सभाका सभापति महोदय, संचालक समिति, लेखा समिति तथा अन्यउप-समितिका पदाधिकारी मित्रहरु,कर्मचारी साथीहरु,पत्रकार बन्धुहरु,सम्पुर्ण शेयर सदस्यज्युहरु हाम्रो निमन्त्रणलाई स्विकार गरी पाल्नु भएका महानुभाब ज्युहरुमा संस्थाको कोषाध्यक्षको तर्फबाट न्यानो अभिबादन ब्यक्त गर्दछु । हाम्रो संस्था १६औं बर्ष पुरागरि १७औं बर्षमा प्रवेश गरेकोमा म यहाँहरुलाई हार्दिक धन्यवाद भन्न चाहान्छु । यहाँहरुको अपारमायाले यस मन्दिको अवस्थामा पनि संस्थालाई विश्वास गरि अझै एउटा नयाँ उचाइमा पुराउनु भएकोमा हामी यस संस्थाको तर्फवाट हजुरहरुलाई हार्दिक नमन गर्दछौं ।अझ थप हौसला आँट दिएमा यस संस्थाले सदैव नयाँ उचाइ चुम्ने छ। आर्थिक रुपमा सबल बनाउन यहाँहरुको जुन त्याग योगदान अनिमाया छ त्यो कुरालाई संस्था तथा हामी संचालकले सधैं मनन गर्ने नै छौं ।
सभापति महोदय, अब म आर्थिक वर्ष २०८१।०८२ को संक्षिप्त आर्थिक प्रतिवेदन प्रस्तुत गर्न चाहान्छु ।

क) शेयर पूँजी :
गतवर्ष आ.ब. २०८०/०८१मा रु. १६,२६०,७००/- शेयर पूँजी रहेको मा आ.ब. २०८१/०८२को अन्तसम्म संस्थाको शेयर पूँजी रु १५,६५२,५००/- पुगेको छ । भने थप शेयर पूँजी रु. ६,०८,२००/- फिर्ता भएको छ ।

ख) बचत संकलन :
आ.ब. २०८०/०८१मा कुल बचत रु. १४०,२१०,०९१/५० संकलन भएकोमा आ.ब. २०८१/०८२को अन्त सम्ममा रु.२९६,१८०,२५६/संकलनभई २७३,९१४,६१५/२० फिर्ता भई यस आ.ब.सम्म बचत संकलन १६२,४८०,२८२/३० कुल वचत बाँकी रहेको जानकारी गराउन चाहान्छु ।

ग) कर्जा लगानीतथा असुली :
आ.ब.२०८०/०८१को अन्त सम्ममा कुल १२४,०९९,५६४/२० कर्जा लगानी रहेकोमा आ.ब.२०८१/०८२का अन्त सम्ममा कर्जा लगानी रु ९४,९७१,८४१/कजा लगानी गरी रु ८९,६५९,७२६/ असुली गरी कुल बाँकी कर्जा रु. १२९,४११,६७९/२० बाँकी रहेको सम्मानित सभाम ाजानकारी गराउन चाहान्छु ।

घ) स्थिर सम्पति :
गत् बर्ष आ.ब. २०८०/०८१मा यस संस्थाको कुल स्थिर सम्पति रु ७८८,५६५ /- रहेकोमा आयकर ऐन २०५८ अनुसार रु १९१,८०८/- ह्रासकट्टी गरी यस बर्षमा रु १०१,०३१/- को सम्पती थप भई आ.ब. २०८१/०८२ अन्त सम्ममा रु ६९७,७८७/- को स्थिर सम्पति रहेको ब्यहोरा जानकारी गराउँदछु ।

ङ) आम्दानी तथा खर्च
यस आ.व.२०८१/०८२मा विभिन्न शिर्षक बाट रु २,१६,७२,८८२/ आम्दानी हुनगई यसै आ.व. २०८१/०८२ मा विभिन्न शिर्षकमा रु १,८९,५६,८९८/खर्च भई कुल बचत रु २७,१५,९८४/-हुन आएको छ ।

# आदर्श आर्थिक विकास बचत तथा ऋण सहकारी संस्था लि.

बनेपा-८, काभ्रेपलाञ्चोक

## पर्ल्स अनुपान

| क्र.स | पर्ल्स अनुपात | लक्ष्य | मापन | लक्ष्यप्राप्ति |
|---|---|---|---|---|
| | P सुरक्षण (Protection ) | | | |
| P1 | कर्जा नोक्सानीव्यवस्था / १२ महिनाभन्दा बढी भाखानाघेको ऋणको लागिचाहिने व्यवस्था | १०० प्र | २८३०२३ | १००% |
| P2 | ६ महिना देखि १२ महिनासम्मभाकानागेका ऋणको लागिव्यवस्था | ५० प्र | २२८००/४५६०० | ५०% |
| | ६ महिना देखि १२ महिनासम्मभाकानागेका ऋणको लागिव्यवस्था | २५ प्र | ३६८५/१४७४१ | २५% |
| P2X | असल ऋणको लागिव्यवस्था | १ प्र | १२९०६८३/१२९०६८३१३ | १% |
| | Eप्रभावकारी वित्तिय संरचना( Effective Financial Structure) | | | |
| E1 | जम्माखुद ऋण / जम्मा सम्पत्ति | ७०-८० प्र | १२९४११६७७/१८८८५५५४५ | ६८.५२% |
| E5 | जम्मा बचत / जम्मा सम्पत्ति | ७०-८० प्र | १६२४८०२८२/१८८८५५५४५ | ८६.०३% |
| E6 | बाह्य ऋण / जम्मा सम्पत्ति | बढीमा ५ प्र | ० | ० |
| E7 | सदस्य शेयर पुजि / जम्मा सम्पत्ति | १०-२० प्र | १५६५२५००/१८८८५५५४५ | ८.२९% |
| | A सम्पतिको गुणस्तर ( Assects Quality) | | | |
| A1 | जम्माभाखानाघेको ऋण / कुल ऋण | ५ प्र भन्दाकम | ३३२३०८/१२९४११६७७ | ०.२६% |
| A2 | नकमाउने सम्पत्ति / जम्मा सम्पत्ति | ५ प्र भन्दाकम | ५०७०६९८/१८८८५५५४५ | २.६८% |
| A3 | शुदलागत रहितकोष र आर्य आर्जन नगर्ने सम्पतिको अनुपात | २०० प्र भन्दा बढी | ८२६५०९८/५०७०६९८ | १६३% |
| | Rलगानीमाप्रतिफलतथालागत( Rate of Return & Cost ) | | | |
| R1 | ऋणवाट प्राप्तव्याजआम्दामीमाऔषत ऋणको अनुपात | व्यवसाहिक दर | १९४९८४४१/१२६७५५६२१ | १५.३८% |
| R5 | सदस्यहरुको बचतको लागतमाऔषतबचतको अनुपात | मुद्रास्फितिभन्दा बढी | १५७९६५३६/१५१३४५१८७ | १०.४४% |
| R9 | औषत सम्पतिमा संचालनखर्चको अनुपात | ५ प्र | ३१६०३६३/१७७५०६५३६ | १.७८% |
| | A सम्पतिको गुणस्तर ( Assects Quality) | | | |
| L1 | कुलबचतमा तरलता सम्पतिको अनुपात | १०-२० प्र | ५३६१७५७६/१६२४८०२८२ | ३३% |
| L3 | कुल सम्पतिमाआर्य आजननगर्ने सम्पतिको अनुपात | १ प्र भन्दाकम | ३८२३९४७/१८८८५५५४५ | २.०२% |
| | S बृदिको संकेत ( Signs of Growth) | | | |
| S10 | सदस्यता बृद्धिको दर | १२ प्र भन्दा बढी | १९३५/१८६६ | ३.७०% |
| S11 | कुल सम्पतिको बृद्धिदर | मुद्रास्फितिभन्दा बढी | २२६९८०१९/१६६१५७५२६ | १३.६६% |

# आदर्श आर्थिक विकास बचत तथा ऋण सहकारी संस्था लि.

बनेपा-८, काभ्रेपलाञ्चोक

## २०८३ आषाढ मसान्तको अनुमानित नाफा नोक्सान हिसाब

| बिबरण | आ.ब. २०८२/०८३ को अनुमानित | यस वर्ष २०८१/०८२को रकम |
|---|---|---|
| आय | | |
| कर्जा लगानीब्याजआय | २१,५७०,०००।०० | १९,३२८,००४ |
| बैंक ब्याज | ६००,०००।०० | ८१४,३४१ |
| ऋण मांगनिवेदनशुल्क | ६०,०००।०० | ४३,८२५ |
| प्रशासनिकशुल्क | १७००,०००।०० | १,१६९,०८८ |
| खाताबन्दिशुल्क | ११,०००।०० | ३,१७५ |
| बिबिधआय | १४०,०००।०० | १३९,३६२।०० |
| हर्जनाआय | २२५,०००।०० | १७,०४३७ |
| सदस्यताशुल्क | ७,०००।०० | ४,६५०। |
| कुलआय | २४,३१३,०००।०० | २१,६७२,८८२।०० |
| खर्च | | |
| निक्षेप ब्याजखर्च | १६,३५१,९८०।०० | १५,७९६,५३६ |
| कर्मचारी खर्च | २,०६७,६८२।०० | १,८०२,६८९ |
| प्रशासनिकखर्च | १,२००,०००।०० | १,१५७,६७०।०० |
| ह्रास खर्च | २४५,०००।०० | १९१,८०८ |
| हर्जना छुट खर्च | ०।०० | ८,१९५ |
| जम्माखर्च | १९,८६४,६६२।०० | १८,९५६,८९८।०० |
| सञ्चालननाफा | ४,४४८,३३८।०० | २,७१५,९८४।०० |
| कर्जा जोखिमकोषको ब्यबस्था | २००,०००।०० | ०।०० |
| जम्मा रु | ४,२४८,३३८।०० | २,७१५,९८४।०० |
| आयकर ब्यबस्था | ३१८,६२५।३५ | २६४,०१३।०० |
| कर्मचारी बोनस व्यवस्था | ०।०० | ०।०० |
| यस बर्षको बचत बांडफांडको लागि | ३,९२९,७१२।६५ | २,४५१,९७१।०० |
| बचत बांडफांड बिबरण | | |
| जगेडाकोषमा २५ प्रतिशत | ९८२,४२८।१६ | ६१२,९९२।७५ |
| जम्माखर्च संरक्षित पुंजिफिर्त्ताकोष जानु अघिको नाफा | २,९४७,२८४।४९ | १,८३८,९७८।२५ |
| संरक्षित पुंजिफिर्त्ताकोषमा २५ प्रतिशत(जगेडा पछिकोमा | ७३६,८२१।१२ | ४५९,७४४।५६ |
| सहकारी प्रवर्दन कोष | १४,७३६।४२ | ९,१९४।८९ |
| अन्यकोषमा | २,१९५,७२६।९४ | १,३७०,०३८।८० |
| जम्मा रु | २,९४७,२८४।४९ | १,८३८,९७८।२५ |

| पूजी तथा दायित्व | अनुमानित वासलात | यस वर्ष २०८१/०८२को रकम |
|---|---|---|
| शेयर पुंजि | १,९१००,०००।०० | १५,६५२,५००। |
| जगेडा कोष | ७,४१५,१७४।०० | ५,४१२,९४०। |
| संरक्षित पुंजिफिर्त्ता कोष | ७३६,८२१।०० | ४५९,७४५। |
| सहकारी प्रवर्दन कोष | ७२,७०७।४२ | ५७,९७।०० |
| अन्यकोष | २,१९५,७२६।४९ | २,३३४,४४३।०० |
| कर्जा जोखिमकोष व्यवस्थापथ | १,८००,१९१।०० | १,६००,१९१। |
| बचत निक्षेप | २०४,४००,०००। | १६,२४८,०२८२। |
| भुक्तानीदिनबांकिहिसाब | ६००,०००।०० | ५९,३४६०। |
| व्यवस्था | ३१८,६२५।०० | २६४,०१३। |
| जम्मा पुंजितथादायित्व | २३६,६३९,२४४।९१ | १८८,८५५,५४५।०० |

| सम्पत्ति | | |
|---|---|---|
| नगत मौज्दात | ३,५००,०००।०० | ३,८२३,९४७। |
| बैंक मौज्दात | ३७,५००,०००।०० | ५२,६०८,३८३। |
| लगानीहिसाब | १,४४७,०००।०० | १,०६७,०००।०० |
| कर्जा लगानी | १९१,९३२,२४४।९१ | १२९,४११,६७७। |
| स्थिर सम्पत्ति | १,१२५,०००।०० | ६९७,७८७। |
| अन्य सम्पतिआयकर बढी दाखिला | १,१३५,०००।०० | १,२४६,७५१। |
| जम्मा सम्पत्ति | २३६,६३९,२४४।९१ | १८८,८५५,५४५।०० |

**आदरणीय शेयर सदस्यज्यूहरु,**

अन्त्यमा यस गरिमामय साधारण सभामा आफ्नो मुल्यवान समय दिई यस संस्थाको कार्यक्रम भव्य रुपमा सफल पारिदिनु भएकोमा प्रमुख अतिथिज्यू लगायत सम्पूर्ण अतिथि वर्गमा विशेष धन्यवाद दिन चाहन्छु । साथै सदस्य महानुभावहरुले यस संस्था प्रति देखाउँदै आउनु भएको माया ममता स्नेह र विश्वास प्रति सदैव कृतज्ञ रहि यहाँहरुका सहयोग एवं समर्थनको लागि मुटु देखि आभार व्यक्त गर्दै यस वर्ष तपाई हाम्रो घर आँगनमा आउन लागेको वडा दशैं तथा शुभ दिपावलीको हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दै म यस सम्मानिय सभा बाट विदाहुन चाहान्छु ।

**सभापतिमहोदय**

आ.व. २०८०/०८१को संस्थाले गरेको आर्थिक कारोबार प्रतिवेदन श्री बि.पि सिंह एण्ड एसोसिएटस का लेखा परीक्षक श्री सिए. बहुतन्त्र प्रताप सिंह क्षेत्री ज्यूबाट पेश भएको प्रतिवेदन तपाईहरुको हातहातमा पुऱ्याएका छौं ।

**जय आदर्श आर्थिक विकास साकोस । जय सहकारी ।**

B. P. Singh & Associates, Chartered Accountants
Kathmandu Metropolitan City-07, Pahelopul-Chabahil
Firm Regd. No: 832
Pan No: 102705854
Email: cabpsingh2011@gmail.com
Phone: 01-4561684/9851045998

# स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

श्री सम्पूर्ण शेयर सदस्यज्यूहरु
आदर्श आर्थिक विकास बचत तथा ऋण सहकारी संस्था लि.
बनेपा ८, काभ्रे

**वित्तीय विवरण उपर लेखापरीक्षकको रायः**

हामीले आदर्श आर्थिक विकास बचत तथा ऋण सहकारी संस्था लि., बनेपा ८, काभ्रे को आषाढ मसान्त, २०८२ को वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, इक्विटिमा भएको परिवर्तन, नगद प्रवाह विवरण लगायतका विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गर्‍यौं ।

**Disclaimer Opinion/ मौन राय**

Disclaimer रायको आधारहरुका अनुच्छेदहरुमा उल्लेख भए बमोजिमको वस्तुस्थितिको महत्वका आधारमा, पहिलो पटक साना तथा मझौला संस्थाहरुका लागि नेपाल वित्तीय रिपोर्टिङ्ग मान (NFRS for SMEs) प्रयोगमा ल्याउँदा वित्तीय विवरणको पुनर्लेखन, प्रस्तुतिकरण र खुलासाहरुमा पर्न सक्ने सम्भावित प्रभावको लागि पर्याप्त र उपयुक्त सबुत प्रमाणहरु प्राप्त गर्न सकिएन तथा सोही रायको आधारहरुका अनुच्छेदहरुले वित्तीय विवरणमा सारभुत असर पार्न सक्दछ । तसर्थ, यस संस्थाको वित्तीय रिपोर्टिङमान (NFRS for SMEs) को आधारमा तयार नगरिएकाले तथा अन्य अनुच्छेदहरुले वित्तीय विवरणमा असर पार्न सक्ने हुनाले, सो उपर राय व्यक्त गरिएको छैन ।

**Basis for Disclaimer Opinion/ मौन रायको आधार :**

Public Accountability को परिभाषा अन्तर्गतका संस्थाहरुका लागि लागु भएका वित्तीय रिपोर्टिङमान । NFRS for SMEs अन्तर्गत रही तयार गर्नुपर्ने व्यवस्था लागु भइसकेको छ । परिवर्तित वित्तीय रिपोर्टिङको ढाँचा तयार गरी लागु गर्न (NFRS for SMEs) अनुसारको वित्तीय विवरणहरु NFRS for SMEs लागु हुँदा सुरुवातमा तयार हुनुपर्दछ र सोही बमोजिम तीन वर्षको वित्तीय विवरण (Statement of Financial Position), दुई वर्षको विस्तृत आय विवरण (Statement of Comprehensive Income), दुई वर्षको नगद प्रवाहको विवरण (Statement of Change in Cash Flows), दुई वर्षको इक्विटिमा भएको परिवर्तनको विवरण (Statement of Change in Equity) र सो संग सम्बन्धित टिप्पणीहरु लगायत सूचनाहरु समेत तयार हुनुपर्दछ । यस्तो व्यवस्था भएता पनि अहिलेको सुरुवाती अवस्थामा वित्तीय विवरणहरु NFRS for SMEs अनुसार तयार गरिएको छैन ।

यसरी नेपाल वित्तीय रिपोर्टिङ्ग मान (NFRS for SMEs) बमोजिम वित्तीय सूचनाको पुनर्लेखन, प्रस्तुतिकरण र खुलासाहरु नगरिदा तिनीहरुको वित्तीय विवरणमा पर्ने समष्टिगत प्रभाव अनिश्चित रहेको छ, जुन Material तथा Pervasive पनि हुन सक्दछन ।

B.P. SINGH & ASSOCIATES
CHARTERED ACCOUNTANTS
KATHMANDU

नेपाल लेखामान ( NAS ) अनुसार आ. व. २०८१।८२ मा तयार गरिएको वित्तीय विवरणहरु लेखापरीक्षणका क्रममा सहकारी ऐन, सहकारी नियमावली तथा सहकारी विभागबाट जारी मापदण्डहरुको पालनाको सम्बन्धमा देखिएका कैफियतहरु :

१. नेपाल राष्ट्र बैंकद्वारा जारी बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाका लागि निर्देशन तथा मापदण्ड, २०८१ को दफा ३.१ बमोजिम संस्थाले तीन वर्ष अवधिसम्मका बचत स्वीकार गर्न सक्नेमा संस्थाले सो भन्दा लामो अवधिको केही आवधिक निक्षेप स्वीकार गरेको पाईयो ।
सहकारी ऐन, २०७४ दफा ५०(१) बमोजिम सहकारी संस्थाले आफ्ना सदस्यहरुको मात्र बचत स्वीकार गर्न सक्ने भएतापनि यस संस्थाले सदस्य नभएका केही व्यक्तिहरुसंग समेत कारोबार गरेको पाइयो ।

२. एकीकृत निर्देशन, २०८२ को बुँदा ४५ बमोजिम संस्थाले कर्जा जोखिम व्यवस्था नगरी संस्थाले गत वर्षको कर्जा जोखिम व्यवस्थालाई कायम गर्दै रु. १,६००,१९१ कर्जा रकमको मात्र कर्जा जोखिम व्यवस्था गरेको पाइयो । साथै संस्थाले ब्याज असुली भई किस्ता असुली नभएका ऋणीहरुलाई असल कर्जा मान्ने गरेको पाइयो ।

३. संस्थाले आ. व. २०८०।८१ को नाफाबाट बाँडफाँड भई कायम रहेको संरक्षित पूँजी फिर्ता कोषको रु. २,८४,६५६ तथा स्थिरीकरण कोषको रु. ८८,९८९ सहकारी ऐन तथा नियम बमोजिम प्रयोग नगरी लाभांश वितरणमा प्रयोग गरेको पाइयो ।

४. सहकारी मापदण्ड, २०६८ दफा २८(३) बमोजिम कुनै सदस्यलाई एकपटक ऋण प्रदान गरे पश्चात उक्त ऋण चुक्ता नगरीकन अन्य कुनै ऋण प्रदान गर्न नपाइनेमा संस्थामा एकै व्यक्तिलाई एक भन्दा धेरै ऋण प्रदान गरेको पाइयो ।

नेपाल राष्ट्र बैंकद्वारा जारी बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाका लागि निर्देशन तथा मापदण्ड, २०८१ को परिच्छेद ९ को बुँदा ८ बमोजिम संस्थाले सदस्यहरुलाई अधिविकर्ष (Overdraft) कर्जा प्रवाह गर्न नपाउने भएतापनि संस्थाले ऋणीहरुलाई अधिविकर्ष ([illegible]) कर्जा प्रवाह गरेको पाइयो ।

सहकारी मापदण्ड, २०६८ दफा २९ अनुसार संस्था संचालक तथा लेखासमितिका ४९ प्रतिशत भन्दा बढी पदाधिकारीहरुलाई एकै अवधिमा ऋण लगानी गर्न नपाइनेमा संस्थाले दुवै समितिका ४९ प्रतिशत भन्दा बढी पदाधिकारीहरुलाई त्यसरी ऋण लगानी गरेको पाइयो ।

नेपाल राष्ट्र बैंकद्वारा जारी बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाका लागि निर्देशन तथा मापदण्ड, २०८१ को दफा १.२ बमोजिम संस्थाले प्रति सदस्य प्राथमिक पुँजीको अधिकतम १५ % *(यो प्रावधान २०८१ को निर्देशन अगाडी १०% मात्र थियो)* बढी रकम ऋण प्रवाह गर्न नपाइनेमा सो प्रावधानको विपरीत सीमा भन्दा बढी लगानी गरेको पाइयो ।

५. संस्थामा केही कर्मचारीको हकमा नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक लागु नभएको पाइयो ।

संस्थाले आफ्नो चालु कर सम्पत्ति, आयकर विवरण बमोजिम मिलान नगरेकाले संस्थाको वासलातमा चालु कर सम्पत्ति रु.२९३,६७२.१२ ।- ले बढी देखिएको पाइयो ।

**अन्य विषय ( Other Matters )**

लेखापरीक्षणको क्रममा हामीलाई जानकारी हुन आएका आन्तरिक नियन्त्रणसंग सम्बन्धित कमीकमजोरीहरु तथा सो निराकरणका लागि दिइएका सुझावहरु ( प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन ) प्रति महानुभावहरुको ध्यानाकर्षण गर्दछौं ।

**वित्तीय विवरणहरुप्रति व्यवस्थापनको उत्तरदायित्व :**

प्रचलित लेखामान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमले त्रुटीरहित, वित्तीय विवरण तयार पार्न



प्रणालीको तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्ने, लेखानीतिहरूको छनौट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान र खुलासा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ ।

वित्तीय विवरणहरू तयार गर्दा व्यवस्थापनले संस्थाको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आकलन गर्नुपर्दछ र सो सम्बन्धि आवश्यक कुराहरूको खुलासा गर्नुपर्दछ साथै संस्थालाई लिक्विडेट गर्ने वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको अरु यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न (Going Concern) निकायलाई लेखाङ्कनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ । यो सबै व्यवस्थापनको पूर्ण रुपमा जिम्मेवारी रहन्छ । संस्थाको व्यवस्थापनको लागि उत्तरदायी पक्षले संस्थाको वित्तीय प्रतिवेदन प्रक्रियालाई निरीक्षण गर्नुपर्दछ ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी :**

वित्तीय विवरणहरू सम्पूर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत रुपमा त्रुटी रहित छन् वा छैनन् भन्ने बारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्तता एक उच्च आश्वस्तता भएतापनि सारभूत त्रुटीहरू विद्यमान रहेको अवस्थामा सधैं लेखापरीक्षणमानहरू बमोजिम गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरू सधैं पहिचान हुन्छ भन्ने आश्वस्तता रहदैन । गलत प्रस्तुती, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र यी प्रस्तुतीहरूले वित्तीय विवरणको आधारमा प्रयोगकर्ताहरूले लिने आर्थिक निर्णयहरूलाई अलग वा समग्ररुपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भने, उक्त गलत प्रस्तुतीलाई सारभूत रुपमा गलत प्रस्तुती मानिन्छ ।

नेपाल लेखापरीक्षणमान बमोजिम लेखापरीक्षणको क्रममा हामी व्यावसायिक सन्देह कायम राखी पेशागत अभ्यास गर्दछौं । क्रमश हामीले :

- वित्तीय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतीहरूको जोखिम पहिचान तथा मूल्याङ्कन गरी ती जोखिमहरूको लागि प्रभावकारी लेखापरीक्षण प्रक्रियाहरू तर्जुमा गरी हाम्रो मन्तव्य प्रदान गर्ने आधारहरूको लागी पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं । मिलोमतो, ठगी, जानाजानी चुक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाइ समावेश हुने भएकाले गल्तीहरू भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतीहरूको पहिचान नहुने जोखिम अधिक रहन्छ ।
- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्बन्धी राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रक्रियाहरू तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासंगिक हुने संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं ।
- व्यवसायले प्रयोग गरेको लेखा नीतिहरूको औचित्य लेखा अनुमानको व्यवहारिकता तथा लेखा सम्बन्धी खुलासाहरूको बारेमा जानकारी प्राप्त गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारित लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरूसंग सम्बन्धित सारभूत अनिश्चितताको संस्थाको व्यवसायको निरन्तरताको क्षमतामा उल्लेख्य शंका उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय परीमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापी भविष्यका घटना तथा अवस्थाहरूले संस्था अविच्छिन्न निकायको रुपमा नरहन सक्दछ ।
- वित्तीय विवरणको समग्र प्रस्तुतिकरणको ढाँचा र खुलासा सहितको विषयवस्तु तथा अन्तर्निहित कारोबार एवम् घटनाहरूलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतीकरण गरे नगरेको मूल्यांकन गर्दछौं । हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी वहन गरेकाहरूलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षणका खोजहरू लगायत संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा रहेका महत्वपूर्ण कमी कमजोरीहरूको जानकारी गराउदछौं ।

सुशासनको जिम्मेवारी वहन गरेकाहरुलाई प्रासंगिक नैतिक आवश्यकताहरु पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरु साथै सो सम्बन्धि प्रतिरोधका बारेमा समेत जानकारी गराउँदछौं।

**अन्य कानुनी तथा नियमकारीको आवश्यकता माथिको प्रतिवेदन :**

माथि उल्लेखित व्यहोराको अतिरिक्त हामीले गरेको लेखापरीक्षण तथा हामीलाई प्राप्त सूचना एवम् उपलब्ध स्पष्टीकरणको आधारमा निम्नानुसारको थप प्रतिवेदन पेश गर्दछौं :

क) हाम्रो लेखापरीक्षण सम्पन्न गर्न नमुना परीक्षण गर्दा आवश्यक ठानिएका सुचना एवं स्पष्टीकरणहरु उपलब्ध भएका छन्।

ख) यस प्रतिवेदनसंग सम्बन्धित वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण नेपाल लेखामान, सहकारी विभागबाट जारी भएका निर्देशनहरु एवं प्रचलित कानुनलाई सारभुतरुपमा पालना गरी तयार भएका छन र संस्थाले राखेका हिसाब किताबसंग दुरुस्त रहेका छन्।

ग) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा संस्थाको कारोबार सन्तोषजनक रहेको पाइयो।

घ) हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण र हामीले परीक्षण गरेका श्रेस्ताहरुबाट संञ्चालक समिति, कुनै सदस्य वा संस्थाका कुनै कर्मचारीले कानुनी व्यवस्था बिरुद्ध कामकाज वा हानी नोक्सानी गरेको, सहकारी विभागले जारी गरेका निर्देशन नियतवश पालना नगरेको वा संस्था, निक्षेपकर्ता तथा लगानीकर्ताहरुको हक वा सुरक्षा विपरित हुने कुनै काम गरेको पाइएन।

B.P. SINGH & ASSOCIATES
CHARTERED ACCOUNTANTS
KATHMANDU

..............................

बहुतन्त्र प्रताप सिंह क्षेत्री, एफसिए
बि. पी. सिंह एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स
व्य.प्र.प.नं : ९३७
मिति : २०८२। ०४ ।२४
का.म.न.पा.-३, पहेँलोपुल -चाबहिल
UDIN No: 250809CA01348kH9ey

# आदर्श आर्थिक विकास बचत तथा ऋण सहकारी संस्था लि.

**बनेपा-८, काभ्रेपलाञ्चोक**

## २०८२ साल आषाढ मसान्तको
## स्थिति विवरण पत्र (वासलात)

| विवरण | अनुसूची | २०८२.०३.३२ (रु.) | २०८१.०३.३१ (रु.) |
|---|---|---|---|
| पूँजी तथा दायित्व | | | |
| शेयर पुँजी | १ | १५,६५२,५०० | १६,२६०,७०० |
| जगेडा कोष | २ | ५,५११,६०८ | ४,७९९,९४७ |
| संरक्षित पुंजि फिर्ता कोष | २ | ४५९,७४५ | ३८४,६७६ |
| सहकारी प्रवर्द्धन कोष | २ | ५७,९७१ | ४८,७७६ |
| अन्य कोष हिसाब | २ | २,२३५,७७५ | १,९८८,३५२ |
| कर्जा जोखिम व्यवस्था | ३ | १,६००,१९१ | १,६००,१९१ |
| बाह्य ऋण हिसाब | ४ | - | - |
| बचत हिसाव | ५ | १६२,४८०,२८२ | १४०,२१०,०९१ |
| भुक्तानी दिनुपर्ने हिसाब | ६ | ५९३,४६० | ६१८,८४० |
| व्यवस्था | ७ | २६४,०१३ | २४५,९५३ |
| जम्मा | | १८८,८५५,५४५ | १६६,१५७,५२६ |
| सम्पत्ति तथा जायदात | | | |
| स्थिर सम्पत्ति | ८ | ६९७,७८७ | ७८८,५६५ |
| शेयर लगानी हिसाब | ९ | १,०६७,००० | १,०६७,००० |
| ऋण लगानी हिसाब | १० | १२९,४११,६७७ | १२४,०९९,५६४ |
| पेश्की, धरौटी तथा लिनुपर्ने हिसाब | ११ | १,२४६,७५१ | १,३५३,३१३ |
| नगद तथा बैंक मौज्दात | १२ | ५६,४३२,३३० | ३८,८४९,०८५ |
| जम्मा | | १८८,८५५,५४५ | १६६,१५७,५२६ |

हाम्रो आजकै मितिको प्रतिवेदनको आधारमा

[illegible]
अध्यक्ष

[illegible]
प्रबन्धक

[illegible]
कोषाध्यक्ष

[illegible]
लेखा समिति संयोजक

[illegible]
[illegible]
चार्टर्ड एकाउन्टेन्ट्स
[illegible], काठमाडौं

# आदर्श आर्थिक विकास बचत तथा ऋण सहकारी संस्था लि.

बनेपा-८, काभ्रेपलाञ्चोक

## मिति २०८१ श्रावण १ गते देखि २०८२ आषाढ ३२गते सम्मको
## आय व्यय विवरण

| विवरण | अनुसूची | आ.व. २०८१।८२ | आ.व. २०८०।८१ |
|---|---|---|---|
| ऋण लगानीबाट प्राप्त व्याज तथा विलम्ब शुल्क | १३ | १९,४९८,४४१ | १७,४२८,८७६ |
| बैकबाट प्राप्त व्याज | १४ | ८१४,३४१ | १,६७२,६६० |
| व्याज खर्च | १५ | १५,७९६,५३६ | १५,४५४,७९४ |
| खुद व्याज आम्दानी | | ४,५१६,२४६ | ३,६४६,७४२ |
| लाभांश आम्दानी | १६ | ९०,३६२ | ६,४४७ |
| अन्य सञ्चालन आम्दानी | १७ | १,२६९,७३८ | १,५२६,९७१ |
| कुल सञ्चालन आम्दानी | | ५,८७६,३४७ | ५,१८०,१६० |
| प्रशासनिक तथा कार्यक्रम खर्च | | | |
| प्रशासनिक तथा सञ्चालन खर्च | १८ | १,१५७,६७० | १,११२,१५९ |
| कर्मचारी प्रशासन खर्च | १९ | १,८०२,६८९ | १,५३४,९८५ |
| ह्रासकट्टि खर्च | ८ | १९१,८०८ | २१८,९४९ |
| मर्मत तथा सुधार खर्च | २० | ८,१९५ | १६,५११ |
| ऋण जोखिम कोष व्यवस्था | ३ | - | - |
| कुल सञ्चालन खर्च | | ३,१६०,३६३ | २,८८२,६०४ |
| आयकर तथा अन्य व्यवस्था अघिको बचत (नाफा) | | २,७१५,९८४ | २,२९७,५५७ |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ३ | - | - |
| आयकर अघिको बचत (नाफा) | | २,७१५,९८४ | २,२९७,५५७ |
| आयकर व्यवस्था | | २६४,०१३ | २४५,९५३ |
| अन्य समायोजन पुर्वको कुल सञ्चालन बचत (नाफा) | | २,४५१,९७१ | २,०५१,६०४ |
| गत बर्ष बढी व्यवस्था गरिएको आयकर | | - | - |
| बाँडफाँड पुर्वको कुल सञ्चालन बचत (नाफा) | | २,४५१,९७१ | २,०५१,६०४ |

हाम्रो आजकै मितिको प्रतिवेदनको आधारमा

# आदर्श आर्थिक विकास बचत तथा ऋण सहकारी संस्था लि.

बनेपा-८, काभ्रेपलाञ्चोक

## मिति २०८१ श्रावण १ गते देखि २०८२ आषाढ ३२गते सम्मको

## नगद प्रवाह विवरण

| विवरण | आ.व. २०८१।८२ | आ.व. २०८०।८१ |
|---|---|---|
| संचालन गतिविधिबाट नगद प्रवाह | | |
| कर पछिको नाफा | २,४५१,९७१ | २,०५१,६०४ |
| जोडः नगद बाहेक कारोबार | | |
| ह्रास कट्टि | १९१,८०८ | २१८,९४९ |
| कार्यशील पुंजी परिवर्तन अघिको संचालन नगद प्रवाह | २,६४३,७७९ | २,२७०,५५२ |
| कार्यशील पुंजी परिवर्तन | | |
| अन्य सम्पत्तिमा कमी/(वृद्धि) | १०६,५६२ | (१८३,८१६) |
| बचतमा भएको (कमी)/वृद्धि | २२,२७०,१९१ | १७,४५९,८७५ |
| ऋण लगानीमा कमी/(वृद्धि) | (५,३१२,११३) | (२१,२३७,७४७) |
| अन्य दायित्वमा (कमी)/वृद्धि | (७,३२०) | ५१२,८४३ |
| संचालन गतिविधिबाट खुद नगद प्रवाह (क) | १९,७०१,०९९ | (१,१७८,२९३) |
| लगानी गतिविधिबाट नगद प्रवाह | | |
| शेयर एंव अन्य लगानीमा कमी/(वृद्धि) | - | |
| स्थिर सम्पत्तिमा कमी/(वृद्धि) | (१०१,०३१) | (१५,५००) |
| लगानी गतिविधिबाट खुद नगद प्रवाह (ख) | (१०१,०३१) | (१५,५००) |
| वित्तीय गतिविधिबाट नगद प्रवाह | | |
| शेयर पुँजीमा भएको (कमी)/वृद्धि | (६०८,२००) | (७०८,१००) |
| बाह्य ऋणबाट नगद प्रवाह | - | |
| कोषहरुमा भएको आम्दनी | - | - |
| कोषहरुमा भएको खर्च तथा समायोजन | (१,४०८,६२३) | (१,६७२,९५७) |
| कर्जा जोखिम कोषमा भएको (कमि)/वृद्धि | - | |
| वित्तीय गतिविधिबाट खुद नगद प्रवाह (ग) | (२,०१६,८२३) | (२,३८१,०५७) |
| | | |
| यस बर्षको खुद नगद प्रवाह (क+ख+ग) | १७,५८३,२४५ | (३,५७४,८५०) |
| नगद तथा बैंक मौज्दातको सुरु मौज्दात | ३८,८४९,०८५ | ४२,४२३,९३५ |
| नगद तथा बैंक मौज्दातको अन्तिम मौज्दात (गणना गरेको) | ५६,४३२,३३० | ३८,८४९,०८४ |
| | | |
| नगद तथा बैंक मौज्दातको अन्तिम मौज्दात (वास्तविक) | ५६,४३२,३३० | ३८,८४९,०८५ |

हाम्रो आजकै मितिको प्रतिवेदनको आधारमा

[illegible]
अध्यक्ष

[illegible]
प्रबन्धक

[illegible]
कोषाध्यक्ष

[illegible]
लेखा समिति संयोजक

[illegible]

# आदर्श आर्थिक विकास बचत तथा ऋण सहकारी संस्था लि.

**बनेपा-८, काभ्रेपलाञ्चोक**

## मिति २०८१ श्रावण १ गते देखि २०८२ आषाढ ३२गते सम्मको इक्विटीमा भएको परिवर्तन विवरण

| विवरण | शेयर पूंजी | जगेडा कोष | संरक्षित पुंजि फिर्ता कोष | सहकारी प्रवर्द्धन कोष | अन्य कोषहरु | जम्मा |
|---|---|---|---|---|---|---|
| शुरुको मौज्दात | १६,२६०,७०० | ४,७९९,९४७ | ३८४,६७६ | ४८,७७६ | १,९८८,३५२ | २३,४८२,४५१ |
| लेखा नीतिमा भएको परिवर्तनको असर | - | - | | | - | - |
| परिवर्तित मौज्दात | १६,२६०,७०० | ४,७९९,९४७ | ३८४,६७६ | ४८,७७६ | १,९८८,३५२ | २३,४८२,४५१ |
| सम्पतिमा भएको थप वा घट मुल्याङ्कन | - | - | | | - | - |
| लगानीमा भएको थप वा घट मुल्याङ्कन | - | - | | | - | - |
| विदेशी मुद्रा सटहीमा भएको फरक | - | - | | | - | - |
| आय विरिणमा नदेखाइएको नाफा वा नोक्सान | - | - | | | - | - |
| यस बर्षमा कोषबाट भएको खर्च | | - | (३८४,६७६) | - | (१,०४८,९४८) | (१,४३३,६२३) |
| समायोजन | - | ९८,६६८ | - | - | (७३,६६८) | २५,००० |
| यस बर्षको नाफा वा नोक्सानबाट | - | ६१२,९९३ | ४५९,७४५ | ९,१९५ | १,३७०,०३९ | २,४५१,९७१ |
| शेयर पुंजिमा वृद्धि / (घटि) | (६०८,२००) | - | | | - | (६०८,२००) |
| अन्तिमको मौज्दात | १५,६५२,५०० | ५,५११,६०८ | ४५९,७४५ | ५७,९७१ | २,२३५,७७५ | २३,९१७,५९८ |

# आदर्श आर्थिक विकास बचत तथा ऋण सहकारी संस्था लि.

**बनेपा-८, काभ्रेपलाञ्चोक**

## मिति २०८१ श्रावण १ गते देखि २०८२ आषाढ ३२गते सम्मको वासलात तथा आय व्यय विवरणसँग सम्बन्धित अनुसूचीहरु

शेयर पुँजी — अनुसूची १

| विवरण | २०८१.०३.३१ | २०८२.०३.३२ | |
|---|---|---|---|
| | जम्मा (रु.) | शेयर संख्या | जम्मा (रु.) |
| शेयर पूँजी | १६,२६०,७०० | १५६,५२५ | १५,६५२,५०० |
| जम्मा | १६,२६०,७०० | १५६,५२५ | १५,६५२,५०० |

**जगेडा तथा अन्य कोषहरु** — अनुसूची २

| विवरण | % | २०८१.०३.३१ को (रु.) | आ. व. २०८१।८२ को नाफा नोक्सान हिसाबबाट | यस आ. व. मा आय र खर्च | यस आ. व. समायोजन – अन्य कोषबाट | यस आ. व. समायोजन – अन्य कोषहरुमा | २०८२.०३.३२ को (रु.) |
|---|---|---|---|---|---|---|---|
| जगेडा कोष | २५% | ४,७९९,९४७ | ६१२,९९३ | | ९८,६६८ | | ५,५११,६०८ |
| जम्मा | | ४,७९९,९४७ | ६१२,९९३ | - | ९८,६६८ | - | ५,५११,६०८ |
| संरक्षित पुंजि फिर्ता कोष | २५% | ३८४,६७६ | ४५९,७४५ | (३८४,६७६) | | | ४५९,७४५ |
| सहकारी प्रवर्द्धन कोष | ०.५% | ४८,७७६ | ९,१९५ | - | | | ५७,९७१ |
| जम्मा | | ४३३,४५१ | ४६८,९३९ | (३८४,६७६) | - | - | ५१७,७१५ |
| अन्य कोषहरु | | | | | | | |
| शेयर लाभांश कोष | ६५% | ७४५,११७ | ८९०,५२५ | (७४५,११७) | - | - | ८९०,५२५ |
| जोखिम व्यवस्थापन कोष | ५% | १३२,०७१ | ६८,५०२ | (१३२,०७१) | - | ० | ६८,५०२ |
| सहकारी शिक्षा तथा तालिम कोष | ५% | १३२,०७१ | ६८,५०२ | (१३२,०७१) | - | ० | ६८,५०२ |
| घाटापुर्ति कोष | ५% | १३२,०७१ | ६८,५०२ | (३६,५७७) | - | (९५,४९४) | ६८,५०२ |
| कर्मचारी बोनस कोष | ५% | ७२,०७१ | ६८,५०२ | (६८,८९६) | - | (३,१७५) | ६८,५०२ |
| सामुदायिक बिकास कोष | ५% | ५७,३१७ | ६८,५०२ | (५७,३१७) | - | - | ६८,५०२ |
| सहकारी बिकास कोष | ५% | ५७,३१७ | ६८,५०२ | (५७,३१७) | - | - | ६८,५०२ |
| स्थीकरण कोष | ५% | ८८,९८९ | ६८,५०२ | (८८,९८९) | | ० | ६८,५०२ |
| जम्मा | | १,४१७,०२२ | १,३७०,०३९ | (१,३१८,३५४) | - | (९८,६६८) | १,३७०,०३९ |
| कर्मचारी हित कोष | | ५०,०६९ | - | (५०,०६९) | - | - | (०) |
| सदस्य हित कोष | | १८,००० | - | २५,००० | | | ४३,००० |
| सदस्य राहत कोष | | ५०३,२६१ | - | ३१९,४७६ | - | | ८२२,७३६ |
| कुल जम्मा | | ७,२२१,७५१ | २,४५१,९७१ | (१,४०८,६२३) | ९८,६६८ | (९८,६६८) | ८,२६५,०९८ |

अध्यक्ष — प्रबन्धक — कोषाध्यक्ष — लेखा समिति संयोजक

बि. पी. सिंह एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स
काठमाडौं

**कर्जा जोखिम व्यवस्था** **अनुसूची ३**

| विवरण | आ.व. २०८१।८२ | आ.व. २०८०।८१ |
|---|---|---|
| गत वर्षको व्यवस्था | १,६००,१९१ | १,६००,१९१ |
| घटाउने : कोषबाट फिर्ता भएको व्यवस्था | - | - |
| जोड्ने : कोषमा थप भएको व्यवस्था | - | - |
| जम्मा | १,६००,१९१ | १,६००,१९१ |

**बाह्य ऋण हिसाब** **अनुसूची ४**

| विवरण | आ.व. २०८१।८२ | आ.व. २०८०।८१ |
|---|---|---|
| बाह्य ऋण हिसाब | - | - |
| जम्मा | - | - |

**बचत हिसाब** **अनुसूची ५**

| विवरण | आ.व. २०८१।८२ | आ.व. २०८०।८१ |
|---|---|---|
| दैनिक बचत खाता | २,४०२,२६६ | २,१४१,९४२ |
| साधारण बचत (ए.ए.बी.सी बचत) | २७,८९१,६६५ | २०,४६३,१२५ |
| आदर्श बचत | ४२,१२२,०४१ | ३४,९५१,६२० |
| कर्मचारी संचय कोष बचत | ३७८,१२४ | २३३,७४५ |
| मासिक बचत | ७,३९४,१९० | ७,६७०,७३० |
| बाल बचत | २,९५४,१६४ | २,२१२,७३४ |
| १ वर्षे नियमित बचत | ४२,५४७ | ४९,७५५ |
| २ वर्षे नियमित बचत | ८२,३८४ | ९४,०९५ |
| ५ वर्षे नियमित बचत | २५६,३३१ | ६९७,७९३ |
| ३ महिने मुद्धती बचत | - | - |
| ६ महिने मुद्धती बचत | २,२७४,८५१ | २,२०१,५४१ |
| ९ महिने मुद्धती बचत | - | - |
| १ वर्षे मुद्धती बचत | ५४,२०२,४२० | ५०,५२८,२४१ |
| २ वर्षे मुद्धती बचत | २,८००,३२० | १,८००,३२० |
| ३ वर्षे मुद्धती बचत | ८६३,६१५ | ८५०,००० |
| ५ वर्षे मुद्धती बचत | ३,१००,००० | ३,१००,००० |
| ५ वर्षे ६ महिना मुद्धती बचत | १,३४४,०५२ | १,७८३,७३६ |
| ६ वर्षे मुद्धती बचत | ३,८५०,००० | ४,२९०,००० |
| ६ वर्षे ६ महिना मुद्धती बचत | १,५९९,५९४ | ८४२,१५१ |
| मुद्धती ब्याज बचत | ८,५४१,२८८ | ६,१५४,६३८ |
| जिवन साहारा बचत | ३८०,४३० | १४३,९२६ |
| जम्मा | १६२,४८०,२८२ | १४०,२१०,०९१ |

**भुक्तानी दिनुपर्ने हिसाब** **अनुसूची ६**

| विवरण | आ.व. २०८१।८२ | आ.व. २०८०।८१ |
|---|---|---|
| सामाजिक सुरक्षा कर | ७,१५९ | ७,४८२ |
| घर भाडा कर | ३६,५०९ | २१,५८४ |
| घर भाडा | २८,७२२ | - |
| लेखा परीक्षण शुल्कमा कर कट्टी | १,१२५ | ७५० |
| अन्य कर कट्टी (ब्याजमा कर कट्टी) | ३८९,५१६ | ४७४,६२६ |
| लेखा परीक्षण शुल्क | ८३,६२५ | ५५,७५० |
| बैठक भतामा कर कट्टी | ७,५८८ | |
| लाभांश कर | ३९,२१७ | ५१,१४८ |
| अन्य भुक्तानी गर्नुपर्ने | - | ७,५०० |
| जम्मा | ५९३,४६० | ६१८,८४० |

**व्यवस्था** **अनुसूची ७**

| विवरण | आ.व. २०८१।८२ | आ.व. २०८०।८१ |
|---|---|---|
| आयकर व्यवस्था | २६४,०१३ | २४५,९५३ |
| जम्मा | २६४,०१३ | २४५,९५३ |

**शेयर लगानी** **अनुसूची ९**

| विवरण | आ.व. २०८१।८२ | आ.व. २०८०।८१ |
|---|---|---|
| शेयर लगानी | | |
| काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ | १,०२६,००० | १,०२६,००० |
| राष्ट्रिय सहकारी बैंक | १०,००० | १०,००० |
| जिल्ला सहकारी संघ लि. | १०,००० | १०,००० |
| नेपाल बचत तथा ऋण सहकारी संघ लि. | ११,००० | ११,००० |
| बाग्मती प्रोस्कुन | १०,००० | १०,००० |
| जम्मा | १,०६७,००० | १,०६७,००० |

**ऋण लगानी हिसाब** **अनुसूची १०**

| विवरण | आ.व. २०८१।८२ | आ.व. २०८०।८१ |
|---|---|---|
| आवास तथा जग्गा खरिद ऋण | २५,८२४,०६० | २९,३८६,४०२ |
| गाडी खरिद ऋण | ३,७९९,८६१ | ४,०७२,२५६ |
| उद्योग तथा व्यवसाय ऋण | ६५,२६८,३३३ | ५१,४५३,०५७ |
| शैक्षिक ऋण | १०,५२७,५४० | ६,५३४,६६३ |
| बचतमा आधारित ऋण | १,३६४,६४६ | १,५८२,५३६ |
| मुद्धतीमा आधारित ऋण | १,०२७,७७९ | २,१३९,२८९ |
| अन्य ऋण | २१,५९९,४६० | २८,९३१,३६१ |
| जम्मा | १२९,४११,६७७ | १२४,०९९,५६४ |

**पेश्की,धरौटी तथा लिनुपर्ने हिसाब** अनुसूची ११

| विवरण | आ.व. २०८१।८२ | आ.व. २०८०।८१ |
|---|---|---|
| पाउनुपर्ने व्याज | १९९,९७९ | ४१४,९४८ |
| न्युन : पाउनुपर्ने व्याज मुल्तबी | (१९९,९७९) | (४१४,८१९) |
| अग्रिम आयकर | ९४५,८६५ | १,०७९,०८९ |
| टेलिफोन धरौटी | ३,००० | ३,००० |
| पाउनु पर्ने हिसाब | १६,२२४ | ७०,००० |
| स्टेशनरी मौज्दात | २७२,५०० | १८५,००० |
| अन्य अग्रिम भुक्तानी | ९,१६२ | १६,०९४ |
| जम्मा | १,२४६,७५१ | १,३५३,३१३ |

**नगद तथा बैंक मौज्याद** अनुसूची १२

| विवरण | आ.व. २०८१।८२ | आ.व. २०८०।८१ |
|---|---|---|
| नगद | ३,८२३,९४७ | ३,६५०,३७८ |
| जम्मा | ३,८२३,९४७ | ३,६५०,३७८ |
| बैंक मौज्दात | | |
| पिपुल्स बचत तथा ऋण सहकारी संस्था लि. | २,८०१,४६६ | २,६९८,६१७ |
| राष्ट्रिय सहकारी बैंक | ४,२४५,०४३ | ४,१७६,२७० |
| काभ्रेपलाञ्चोक जिल्ला बचत तथा सहकारी संघ - साधारण | ६,२५३,७२६ | ५,०५१,५४० |
| सिन्धु बिकास बैंक लि. | १६१,२९८ | १५९,२७८ |
| शक्ति बचत तथा ऋण सहकारी संस्था लि. | १३,२८८ | २,४८०,०६१ |
| ग्लोबल आइएमई बैंक लि. | ५,०१३,१४१ | १८८,४६५ |
| एन. एम. बी. बैंक लि. | १०,०६६,४३५ | ६,८०१,७५० |
| नेपाल बचत तथा ऋण सहकारी संस्था लि. | १५८,७४१ | १३०,३५४ |
| गोर्खाज फाईनान्स लि. | २२३,३१८ | २२१,५२२ |
| कर्पोरेट बिकास बैंक | २,५२९ | २,५२९ |
| मुक्तिनाथ बिकास बैंक | ७,८१५,३१७ | २,७७६,२१३ |
| काभ्रेपलाञ्चोक जिल्ला बचत तथा सहकारी संघ लाभांश | ८,७४९ | ८,६६८ |
| ग्लोबल आइएमई बैंक लि. (ढुडखर्क) | २,१६१,६१७ | २,०३७,२२० |
| जिल्ला सहकारी संघ लि. | ६१,४६६ | ४६,४०१ |
| सानिमा बैंक लि. | १३,३३६,१५३ | ८,१६५,७२० |
| काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ- नियमित | २५३,३०२ | २३४,९६३ |
| बाग्मती प्रोस्कुन | ३२,७९५ | १९,१३६ |
| जम्मा | ५२,६०८,३८३ | ३५,१९८,७०७ |
| कुल जम्मा | ५६,४३२,३३० | ३८,८४९,०८५ |

**ऋण लगानीबाट प्राप्त व्याज तथा विलम्ब शुल्क** **अनुसूची १३**

| विवरण | आ.व. २०८१।८२ | आ.व. २०८०।८१ |
|---|---|---|
| ऋण लगानीबाट प्राप्त व्याज | १९,३२८,००४ | १७,३०६,५५० |
| हर्जाना आम्दानी | १७०,४३७ | १२२,३२६ |
| जम्मा | १९,४९८,४४१ | १७,४२८,८७६ |

**बैंकबाट प्राप्त व्याज** **अनुसूची १४**

| विवरण | आ.व. २०८१।८२ | आ.व. २०८०।८१ |
|---|---|---|
| बैंक तथा वित्तीय संस्था प्राप्त व्याज | ८१४,३४१ | १,६७२,६६० |
| जम्मा | ८१४,३४१ | १,६७२,६६० |

**व्याज खर्च** **अनुसूची १५**

| विवरण | आ.व. २०८१।८२ | आ.व. २०८०।८१ |
|---|---|---|
| व्याज खर्च – बचत निक्षेप | १५,७९६,५३६ | १५,४५४,७९४ |
| जम्मा | १५,७९६,५३६ | १५,४५४,७९४ |

**लाभांसा आम्दानी** **अनुसूची १६**

| विवरण | आ.व. २०८१।८२ | आ.व. २०८०।८१ |
|---|---|---|
| काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ | ८७,३७३ | १,१४४ |
| पिपुल्स बचत तथा ऋण सहकारी संस्था लि. | १,०८६ | १,३९१ |
| जिल्ला सहकारी संघ | १,१५६ | |
| बागमती प्रोस्कुन | ७४८ | |
| नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. | | ३,९११ |
| जम्मा | ९०,३६२ | ६,४४७ |

**अन्य सञ्चालन आम्दानी** **अनुसूची १७**

| विवरण | आ.व. २०८१।८२ | आ.व. २०८०।८१ |
|---|---|---|
| प्रवेश शुल्क | ४,६५० | २,७५० |
| सेवा शुल्क | १,१६९,०८८ | १,४०१,५२९ |
| ऋण माग फारम आम्दानी | ४३,८२५ | ६४,३७५ |
| खाता बन्द शुल्क | ३,१७५ | २,८१७ |
| अन्य आम्दानी | ४९,००० | ५५,५०० |
| जम्मा | १,२६९,७३८ | १,५२६,९७१ |

**प्रशासनिक तथा सञ्चालन खर्च** **अनुसूची १८**

| विवरण | आ.व. २०८१।८२ | आ.व. २०८०।८१ |
|---|---|---|
| घरभाडा खर्च | ३९९,००७ | ४३९,७०७ |
| मसलन्द तथा छपाई खर्च | ५५,७०१ | ३१,४७५ |
| बाह्य लेखा परिक्षण शुल्क | ८४,७५० | ५६,५०० |
| सञ्चार खर्च | ३६,५३४ | ३६,४८४ |
| साधारण सभा | २८९,२५४ | २२१,८२५ |
| विद्युत महशुल तथा पानी | १४,५१९ | १५,२९७ |
| इनधन खर्च | १५,९७५ | ४९,६०० |
| बिमा खर्च | १८,३५४ | ३३,२९६ |
| खाजा खर्च | ४०,०२५ | १४,०९५ |
| सदस्य नवीकरण खर्च | १४,७१३ | १२,६७९ |
| संचालक समिति वैठक भत्ता खर्च | ५०,५८८ | १०४,५०० |
| कर खर्च | ३९,२१७ | ५१,१४८ |
| अन्य खर्च | ९९,०३४ | ४५,५५४ |
| जम्मा | १,१५७,६७० | १,११२,१५९ |

**कर्मचारी प्रशासन खर्च** **अनुसूची १९**

| विवरण | आ.व. २०८१।८२ | आ.व. २०८०।८१ |
|---|---|---|
| तलब भत्ता खर्च | १,७२०,९९९ | १,४५६,९२५ |
| कर्मचारी संचय कोष | ८१,६९० | ७८,०६० |
| पोशाक खर्च | - | |
| अन्य खर्च | - | - |
| जम्मा | १,८०२,६८९ | १,५३४,९८५ |

**मर्मत तथा सुधार खर्च** **अनुसूची २०**

| विवरण | आ.व. २०८१।८२ | आ.व. २०८०।८१ |
|---|---|---|
| मर्मत तथा सुधार खर्च – फर्निचर / कार्यालय उपकरण | ५,२७५ | ७,२०० |
| मर्मत तथा सुधार खर्च – सवारीसाधन | २,९२० | ९,३११ |
| जम्मा | ८,१९५ | १६,५११ |

# आदर्श आर्थिक विकास बचत तथा ऋण सहकारी संस्था लि.

बनेपा-८, काभ्रेपलाञ्चोक

## आ.व.२०८१/०८२

## सम्पत्ति सामान तथा ह्रास कटी विवरण

अनुसूची ८

| क्र.सं. | विवरण | गत बर्षसम्मको कुल लागत | गत बर्षसम्मको संचित ह्रास रकम | खरिद वा थप | बिक्री | अपलेखन | ह्रसयोग्य रकम | दर | ह्रास रकम | बाँकी रकम (२०८१।८२) | बाँकी रकम (२०८०।८१) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) भवन तथा जग्गा | | | | | | | | | | | |
| १ | भवन | | | | - | - | - | ५% | - | - | - |
| २ | जग्गा | - | | | - | - | - | ०% | - | - | - |
| | जम्मा | - | | - | - | - | - | | - | - | - |
| ख) फर्निचर, तथा कार्यालय उपकरण | | | | | | | | | | | |
| १ | फर्निचरहरु | १३८,५४० | ३४,६३५ | १६,०९५ | | | १२०,००० | २५% | ३०,००० | ९०,००० | १०३,९०५ |
| २ | कार्यालय उपकरण | २१०,३७९ | ५२,५९५ | | | | १५७,७८४ | २५% | ३९,४४६ | ११८,३३८ | १५७,७८४ |
| | जम्मा | ३४८,९१९ | ८७,२३० | १६,०९५ | - | - | २७७,७८४ | | ६९,४४६ | २०८,३३८ | २६१,६८९ |
| ग) सवारी साधन | | | | | | | | | | | |
| १ | सवारी साधन | १३८,१७६ | २७,६३५ | | - | - | ११०,५४१ | २०% | २२,१०८ | ८८,४३३ | ११०,५४१ |
| | जम्मा | १३८,१७६ | २७,६३५ | - | - | - | ११०,५४१ | | २२,१०८ | ८८,४३३ | ११०,५४१ |
| घ) उपकरण | | | | | | | | | | | |
| | अन्य उपकरण | - | | | | | - | १५% | - | - | - |
| | जम्मा | - | | - | - | - | - | | - | - | - |
| ङ) अन्य सम्पत्ति | | | | | | | | | | | |
| १ | लिजहोल्ड सम्पत्ति | ४९५,८१८ | ९९,१६४ | ८४,९३६ | - | - | ४८१,५९१ | २०% | ९६,३१८ | ३८५,२७२ | ३९६,६५५ |
| २ | सफ्टवेयर | २४,६०० | ४,९२० | | - | - | १९,६८० | २०% | ३,९३६ | १५,७४४ | १९,६८० |
| | जम्मा | ५२०,४१८ | १०४,०८४ | ८४,९३६ | - | - | ५०१,२७१ | | १००,२५४ | ४०१,०१७ | ४१६,३३५ |
| कुल जम्मा (क+ख+ग+घ+ङ) | | १,००७,५१३ | २१८,९४९ | १०१,०३१ | - | - | ८८९,५९६ | | १९१,८०८ | ६९७,७८७ | ७८८,५६५ |

अध्यक्ष    प्रबन्धक    कोषाध्यक्ष    लेखा समिति संयोजक

# आदर्श आर्थिक विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड लि.

बनेपा ८, काभ्रेपलान्चोक
आर्थिक वर्ष २०८१।०८२

## प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु

### क. प्रमुख लेखा नीतिहरु

**१. संस्थाको परिचय**

काभ्रे जिल्लाको बनेपा नगरपालिका वडा नं. ८, तीनदोबाटो अवस्थित आदर्श आर्थिक विकास बचत तथा ऋण सहकारी संस्था लि. को स्थापना सहकारी ऐन २०४८ अनुसार संचालनमा आएको हो । आयकर ऐन, २०५८ बमोजिम यस संस्था आन्तरिक राजश्व कार्यालयमा पान नं ३०४२९८८६३४ मा दर्ता रहेको छ । संस्थाले प्रचलित लेखा सिद्धान्तमा आधारित रहेर वित्तीय विवरणहरु तयार गरेको छ ।

**२. लेखा अवधारणा**

वित्तीय विवरणहरुमा अन्यथा उल्लेख गरिएकोमा बाहेक ऐतिहासिक लागत, सामान्यतया स्वीकृत लेखा सिद्धान्त तथा प्रचलनमा रहेको सहकारी ऐन तथा नियमावली बमोजिम तयार पारिएका छन् ।

**३. आय लेखांकन आधार**

संस्थाबाट लगानी गरिएको कर्जा रकममा ब्याज हिसाब गर्दा ३६५ दिनलाई एक वर्ष मानी ब्याज गणना गरिएको छ । कर्जा सापटीको ब्याज नगद आधार (Cash Basis) मा लेखांकन गरिएको छ ।

**४. खर्च लेखांकन आधार**

संस्थाको निक्षेप रकममा ब्याज हिसाब गर्दा ३६५ दिनलाई एक वर्ष मानी ब्याज गणना गरिएको छ । संस्थाको निक्षेप रकममा ब्याज खर्चलाई प्रोदभावी आधार (Accrual Basis) मा लेखांकन गरिएको छ ।

**५. स्थिर सम्पत्ति**

स्थिर सम्पत्तिलाई ऐतिहासिक मूल्य अवधारणा अनुरुप लेखांकन गरिएको छ । स्थिर सम्पत्ति लेखांकन गर्दा सो सम्पत्ति खरिद र निर्माण गर्दा लागेको लागत मूल्यका साथै सो संग सम्बन्धित प्रत्यक्ष खर्चहरुलाई समेत समावेश गरिएका छन् ।

**६. स्थिर सम्पत्तिमा ह्रासकट्टी**

संस्थाले यस वर्ष संस्थाको स्थिर सम्पत्ति तथा अन्य सम्पत्तिहरु संस्थाको नीति अनुसार गणना गरेर ह्रास कट्टी विवरण बनाई प्रस्तुत गरिएको छ । कर प्रयोजनका निमित्त आयकर ऐनले तोके बमोजिम ह्रासकट्टी गरिएको छ ।

**७. नगद तथा बैंक मौज्दात**

संस्थाले अन्य सहकारी संस्थामा समेत रकम राखेको र त्यस्तो बचत रकमलाई "नगद तथा बैंक मौज्दात" मा राखेको छ । सहकारी मापदण्ड, २०६८ बमोजिम अन्य प्रारम्भिक संस्थामा राखिएको बचतलाई "नगद तथा बैंक मौज्दात" मा गणना गर्न नपाइने व्यवस्था रहेको छ ।

**८. लगानी नीति तथा कर्जा नोक्सानी व्यवस्था**

एकीकृत निर्देशिका २०८२ को बुदाँ ४५ बमोजिम संस्थाले कर्जा जोखिम व्यवस्था नगरी संस्थाले गत वर्षकै कर्जा जोखिम व्यवस्थालाई कायम गर्दै रु १६००१९१ कर्जा रकमको मात्र कर्जा जोखिम व्यवस्था गरेको पाइयो । साथै संस्थाले ब्याज असुली भई किस्ता असुल नभएका ग्राहकहरुलाई असल कर्जा मान्न गरेको पाइयो ।

S.P. SINGH & ASSOCIATES
CHARTERED ACCOUNTANTS
KATHMANDU

९. बचत रकमलाई विभिन्न कोषमा बाँडफाड नीति
संस्थाले खुद बचतको २५% साधारण जगेडा कोषमा रकमान्तरण गरी बाँकी रहेको बचतलाई संरक्षित पुँजि फिर्ता कोषमा २५% र सहकारी प्रवर्द्धन कोषमा ०.५ % बाँडफाड गरी बाँकी बचतलाई शतप्रतिशत मानी देहाय बमोजिमका कोषहरुमा बाँडफाँड गरेको छ।

| कोषहरु | प्रतिशत |
|---|---|
| शेयर लाभांश कोष | ६५ |
| स्थिरीकरण कोष | ५ |
| घाटापूर्ति कोष | ५ |
| जोखिम व्यवस्थापन कोष | ५ |
| सहकारी शिक्षा तथा तालिम कोष | ५ |
| कर्मचारी बोनस कोष | ५ |
| सामुदायिक विकास कोष | ५ |
| सहकारी विकास कोष | ५ |

१०. अन्य नीतिहरु
संस्थाले लिने दिने ब्याज दर बीचको औसत फरक ४.८५ प्रतिशतमा रही सदस्यहरुमाझ कारोबार गरेको छ। संस्थाले कर्जा प्रवाह गर्दा सदस्यहरुबाट व्यवस्थापन शुल्क सहकारी मापदण्डको सीमाभित्र रही लिने गरेको छ।

११. आयकर व्यवस्था
संस्थाको मुख्य कार्यालय नगरपालिका क्षेत्रभित्र रहेकाले आयकर व्यवस्था आयकर ऐन, २०५८ ले तोके बमोजिम १० % का दरले गरिएको छ। संस्थाले ऐनले तोकेको समय सिमाभित्र जिल्लामा अग्रिम कर दाखिला गर्ने गरेको छ।

## ख. लेखा सम्बन्धि टिप्पणीहरु

१. शेयर पुँजि
गत वर्ष रु. १६,२६०,७००।०० रहेको चुक्ता शेयर पुँजि यस वर्षको अन्त्यमा रु. १५,६५२,५००।०० कायम भएको छ। संस्थाको समग्र वित्तीय अवस्थालाई ध्यानमा राख्दा शेयर सदस्यहरुले लगानी गरेको शेयर रकममा संस्थाले उचित प्रतिफल प्रदान गरिरहेको र संस्थाको ईक्विटीमा भएको परिवर्तनको अनुपातको आधारमा जगेडा तथा बचत हिसाब अनुसार सदस्यहरुको लगानीको प्रतिफल सकारात्मक /धनात्मक रहेको देखिन्छ।

२. जगेडा तथा अन्य कोषहरु
संस्थाले खुद बचतको २५% साधारण जगेडा कोषमा रकमान्तरण गरी बाँकी रहेको बचतलाई संरक्षित पुँजि फिर्ता कोषमा २५% र सहकारी प्रवर्द्धन कोषमा ०.५ % बाँडफाँड गरी बाँकी बचतलाई शतप्रतिशत मानी देहाय बमोजिमका कोषहरुमा बाँडफाँड गरेको छ।

| कोषहरु | प्रतिशत |
|---|---|
| शेयर लाभांश कोष | ६५ |
| स्थिरीकरण कोष | ५ |
| घाटापूर्ति कोष | ५ |
| जोखिम व्यवस्थापन कोष | ५ |
| सहकारी शिक्षा तथा तालिम कोष | ५ |
| कर्मचारी बोनस कोष | ५ |
| सामुदायिक विकास कोष | ५ |
| सहकारी विकास कोष | ५ |

B.P. SINGH & ASSOCIATES
CHARTERED ACCOUNTANTS
KATHMANDU

३. बचत निक्षेप

संस्थाको गत वर्षमा बचत रु. १४०,२१०,०९१ रहेकोमा यस वर्ष वृद्धि भई रु. १५२,४८०,२८२ पुगेको छ ।

४. बाह्य ऋण

संस्थामा यस आ.व. को अन्त्यमा बैंक तथा वित्तीय संस्था बाट बाह्य ऋण रहेको छैन ।

५. स्थिर तथा अन्य सम्पत्ति

स्थिर सम्पत्तिलाई संस्थाको नीति अनुरुप अनुसूची ८ मा प्रस्तुत गरिएको छ । कर प्रयोजनका लागि आयकर ऐन २०५८ को दफा १९ बमोजिम छुट्टै गणना गरिएको छ ।

६. पुनर्वर्गीकरण तथा पुन सामुहिकरण

गत वर्षको रकमहरुलाई आवश्यकता अनुसार पुन: वर्गीकरण तथा पुन: सामुहिकरण गरिएका छन ।

७. ईक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण

यो वर्ष ईक्विटिमा भएको परिवर्तन सम्बन्धी विवरण तयार गरिएको छ ।

८. कर व्यवस्था

यो वर्ष कर व्यवस्थामा आयकर ऐन अनुसार हुन आउने कर योग्य रकमको १० % रकम गणना गरिएको छ ।
संस्थाको निति र करको नीतिमा फरक पर्ने रकमलाई समायोजन गरी प्रस्तुत गरिएको छ ।
डेफर्ड आयकरको गणना गरिएको छैन ।

B.P. SINGH & ASSOCIATES
CHARTERED ACCOUNTANTS
KATHMANDU

| | | | | |
|---|---|---|---|---|
| ...तिमल्सिना<br>...सञ्चालक | राम शरण तिमल्सिना<br>कोषाध्यक्ष | दिपेन्द्र श्रेष्ठ<br>अध्यक्ष | जीवन पोखरेल<br>लेखा समिति संयोजक | बहुलन्न प्रताप सिंह क्षेत्री, एफसिए<br>बि. पी. सिंह एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स<br>स्थान : चावहिल, काठमाण्डौं<br>मिति: २०८२। । |

## लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन २०८१/२०८२



राजेन्द्र श्रेष्ठ
संयोजक

यस संस्थाको १६ औं बार्षिक साधारण सभाका सभाध्यक्ष ज्यू, प्रमुखअतिथि, मञ्चमा आसिन विशिष्ट अतिथि तथा अतिथि गणहरु, संचालक समितिका पदाधिकारी ज्यूहरु, ऋण लगानी असुली उप-समितिका संयोजक ज्यू, लेखा तथा सुपरिवेक्षण समितिका सहकर्मी मित्रहरु, विभिन्न उप-समितिका पदाधिकारी ज्यूहरु, पत्रकार एवं कर्मचारी मित्रहरुका साथै यस सभामा पाल्नु हुने सम्पूर्ण शेयर सदस्य एवम् प्रतिनिधिज्यूहरु र संस्थाका शुभचिन्तकहरुमा लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट सहकारी अविादन व्यक्त गर्दछु ।

संस्थाको आ.ब २०८१/०८२मा भई गरेका आर्थिक कारोवारको आन्तरीक लेखा परीक्षण, निरिक्षण तथा अनुगमन र सुपरिवेक्षण सम्बन्धि कार्यका लागि दिईएको जिम्वेवारी वहन गरी हामीले सक्के सम्म संस्थामा भएका सम्पुर्ण राम्रा र नराम्रा सबै कुरालाई समेटि सकेसम्म आफ्नो क्षमताले भ्याए सम्म आवश्यता अनुसार आफ्नो जिम्वेवारी वहनगर्दै संस्था संचालनमा लेखा समितिको तर्फवाट हामीले संस्थाको प्रगति र उन्नितमा सदैव अग्रशर भई संस्थाको लक्ष्य निर्धारणमा सधैं साथ दिने नै छौ ।

हामीले जानेर बुझेका कुरा सकेसम्म यस संस्थालाई दिने कोसिस गरेका छौं । आर्थिक रुपमा संस्थालाई सब्बल बनाउन हामीले कुनै कसुर बाँकी राखेका छैनौं । संस्थामा गर्नु पर्ने सुधारहरुलाई हामीले तल सुझावको रुपमा प्रस्तुत गरेका छौं । संस्थागत कर्तव्यवाट विमुखनभई जे जस्तो निरिक्षणको क्रममा हामीले देखेका छौं । सो कुरालाई यहाँ प्रस्तुत गरिएको छ । संस्था रहे हामी रहन्छौ भन्ने विचारलाई मनन गर्दै यस संस्थाले आफ्नो जिम्बेवारी पुर्ण रुपमा बहनगर्न सकेकोमा हामीलाई गर्व लागेको छ ।कर्मचारी वर्गवाट छिटो छरितो सेवादिन सकेकोमा हामीलाई ज्यादै खुसी लागेको छ । भन्दै संक्षिप्त प्रतिवेदन प्रस्तुत गर्न चाहान्छु ।

१.संचालक समितिले तयार पारेको अनुमानित बजेट अनुसार नै २०८१।०८२ को लक्ष्य नजिकै रहेको पाइयो ।
२.सदस्यको हितलाई ध्यानमा राखि सदस्य दुर्घटना विमा गराइएको पाईयो । साथै शेयर सदस्यज्युहरुलाई सुत्केरी राहत तथा वालवचत कर्तालाई स्टेशनरी वितरण गरिएको देखियो ।
३.संस्थाले खर्च गरेका हरेक सामानमा भ्याट तथा प्यानविल अनिवार्य रुपमा रहेको पाईयो ।संस्थाले खर्च गर्ने कुराको आन्तरिक व्यवस्थापन धेरै राम्रो पायौं ।
४.संचालक समिति,लेखा समिति तथा अन्य उप-समितिले भत्ता खर्च लिएको देखिन्छ ।
५.कर्मचारीवाट कार्य सम्पादनको समयमा सदस्यहितलाई विशेष ख्यालगरि कार्य सम्पादन गरिएको छ सदस्यवाट कुनै पनि किसिमको उजुरी परेको देखिएन ।
६.संस्थाले शेयर सदस्यको मृत्यु पश्चात शेयर सदस्यको परिवारलाई पारिवारिक राहत वितरण तथा सदस्यहरुलाई विभिन्न किसिमका राहत सुविधा उपलब्ध गराएको देखिन्छ ।
७.हामीले संस्थाको विल भपाई तथा बचत फिर्ता फारमको नमुना परिक्षण विधिवाट चेक जाँच गर्दा कहिकतै गल्ती भएको भएतल सुझावको रुपमा प्रस्तुत गरेका छौं ।
८.हामीले बेला बेलामा नगद भल्ट चेक जाँचगर्दा नगद डिनो अनुसार रहेको देखिन्छ ।
९.आ.ब ०८१/०८२को आषाढ मसान्तसम्म संस्थाको वित्तिय स्थिति निम्नानुसार रहेको पाईयो ।

| क्र.स | विवरण | आ.व ०८०/०८१ | आ.व ०८१/०८२ |
|---|---|---|---|
| १ | सदस्य संख्यामहिला/पुरुष | १५७१ | १९२२ |
| २ | बालबचतकर्ता | २४५ | ३५१ |
| ३ | संस्थागत सदस्य | १३ | १३ |
| | कुल सेवाग्राही | १८२९ | २१५५ |
| ४ | शेयर पूँजी | १६,२६०,७०० | १५,६५२,५०० |
| ५ | निक्षेप | १४०,२१०,०९१ | १६२,४८०,२८२ |
| ६ | भुक्तानीदिनु पर्ने हिसाब | ६१८,८४० | ५९,३४६० |
| ७ | ऋण लगानीमाबाँकी | १२४,०९९,५६४ | १२९,४११,६७७ |
| ८ | स्थीर सम्पति | ७८८,५६५ | ६९७,७८७ |
| ९ | पाउनु पर्ने हिसाब | १,३५३,३१३ | १,२४६,७५१ |
| १० | नगदतथाबैंक हिसाब | ३८,८४९,०८५ | ५६,४३२,३३० |
| ११ | जगेडा कोष हिसाव | ४,७९९,९४७ | ५,४१२,९४० |
| १२ | कुलआम्दानी | २०,६३४,९५४ | २१,६७२,८८२ |
| १३ | कुलखर्च | १८,३३७,३९८ | १८,९५६,८९८ |
| १४ | फरक बचत (नाफा) | २,२९७,५५६ | २,७१५,९८४ |

सुझावहरु

१ संस्थाले आफुले खरिद गरेको प्यान विल,ज्याला खर्च,भ्याट विल खर्च विलहरुमा टि.डि.एस रकम काट्टीएको देखिएन आगमी समयमा सो कुरालाई ध्यानदिनुपर्ने जरुरी देखिन्छ ।

२ संस्थाले संचालक समिति तथा लेखा समिति तथा अन्यउप-समितिलाई भत्ताका व्यवस्था गरे पनि भत्ता दिइएको भने देखिदैन।तर तेल खर्च भने दिएको देखिएको छ ।सम्भव भए सम्म समितिहरुलाई भत्तादिनु नै उपयुक्त देखिन्छ ।

३ कर्जा लगानी विस्तारमा संस्था अलि सुस्त भएको दुखिएकोले यस बर्ष संचालक समितिले कार्य योजना साथ अधि बढनु पर्ने देखिन्छ ।

४.संस्थाका संचालक सदस्य तथा कर्मचारीहरुलाई समयसमयमा आवश्यक तालिम दिईथप उर्जावान बनाउन सकिन्छ ।

५.संस्थाले व्याज उठाउन सहज भएपनि मासिक रुपमा आउने किस्ता भने मध्यम रहेको देखियो संस्थाले कर्जा लगानी गर्नुपर्दा मासिक किस्ता आउने रकममा मात्र लगानी बढाउन सुझाव दिइयो ।

६.संस्थाले सम्पती शुद्धिकरण ऐन बमोजिम सम्पुर्ण समिति उप-समिति तथा कर्मचारीहरुको सम्पती विवरण अनिवार्य रुपमा खुलाएर राख्नु पर्ने देखिन्छ ।

७.संस्थाले लिने व्याजदर भन्दा दिने व्याजदर केहि उच्च रुपमा देखिन आएकोले संस्थाको नाफामा संकुचन आउने

देखिन्छ त्यस तर्फ केही ध्यान दिनुपर्ने देखिन्छ ।

८ KYM चेकजाँचगर्दा केहि त्रुटिहरु देखिएकोले कर्मचारीलाई सो गल्ती नदोराउन सुझाव दिइयो ।

९ समय समयमा संस्थाले व्याजदर परिर्वतनगुर्न पर्ने देखिन्छ व्याजदर परिर्वतन नगरेकोले नाफालाई प्रभावित गरेको देखिन्छ ।

अन्त्यमा सम्पूर्ण शेयर सदस्य महानुभावहरुको सहयोग, सद्भाव, अमूल्य सल्लाह सुझावका साथै यहाँहरुको आर्थिक अनुशासनका कारण आदर्श आर्थिक विकास बचत तथा ऋण सहकारी संस्था यो अवस्थासम्म पुग्न सफल भएको हो ।यसरी नै तपाई सदस्य ज्युहरुको साथ पाएमा यस संस्था पनि बनेपाको एक अग्रणी संस्थाको रुपमा परिचितहुन समय लाग्दैन ।यहाँहरुले जुन उपस्थिति देखाउने गर्नु हुन्छ त्यस प्रतिहामी सधैं नै कृतज्ञ हुने छौं । साथै यहि आउँदै गरेको बडा दशैं तथा शुभ-दिपावलीको उपलक्ष्यमा सम्पुर्ण शेयर सदस्यहरुमा उत्तरोत्तर प्रगति एवमं सु-स्वास्थ्यको कामना गर्दै मलाई यस प्रतिवेदन तयार पार्न साथ दिन यस समितिका साथीहरु तथा कर्मचारीहरु लाई धन्यवाद दिदै विदा हुन चाहान्छु ।

जय सहकारी ! जय आदर्श आर्थिक विकास !!

संयोजक- राजेन्द्र श्रेष्ठ
सदस्य - नवराज दाहाल
सदस्य - बुद्ध कुमार मानान्धर

# आदर्श आर्थिक विकास बचत तथा ऋण सहकारी संस्था लि.

बनेपा-८, काभ्रेपलाञ्चोक

## सहकारीको अर्थ

सामान्य अर्थमा सहकारीताले सँगै बस्ने,विचार गर्ने र काम गर्ने पद्धतिलाई बुझाउन्छ । कानुनी नजरमा सहकारीता भन्नाले समान इच्छा,आकांक्षा र अवस्था भएका व्यक्तिहरुको प्रजातान्त्रिक नियन्त्रण ,नैतिकता,इमान्दारिता, समानता एवं समन्वयमा आधारित स्वतन्त्र सांगठनिक प्रयास हो ।

सामान्य अर्थमा

सहकारी भनेको समान उद्देश्य, आवश्यकता भएका व्यक्तिहरु एक आपसमा मिलेर आफ्नो व्यक्तिगत र सामुहिक हितका लागि आकांक्षा प्राप्त गर्न तथा सामुहिक कार्य गर्न गठन गरिएको एउटा व्यबसायिक तथा सामाजिक संगठन भन्न सकिन्छ ।

## सहकारीका विशेषताहरु

१.सहकारी भावना
२.आर्थिक प्रजातन्त्र र प्रजातान्त्रिक व्यवस्थापन
३.एकता
४.सामुहिक हित
५.खुल्ला सदस्यता
६.नैतिक भावना
७.नगद कारोवार
८.संगठित अस्तित्व
९. आर्थिक प्रजातन्त्र र प्रजातान्त्रिक व्यवस्थापन)

## सहकारीका सिद्धान्तहरु

ऐच्छिक तथा खुला सदस्यता
सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण
भेदभाव रहित व्यवहार
सदस्यहरुद्वारा आर्थिक सहभागिता
स्वायत्तता तथा स्वतन्त्रता
शिक्षा तालिम तथा सूचना
सहकारिहरुबीच सहकारीता
राजनीतिक तथा धार्मिक तटस्थता
समुदायप्रतिको चासो

## सहकारीका उद्देश्य

-निक्षेप संकलन तथा परिचालन
-सानो पुँजीलाई एकत्रित पार्नु
-वित्तिय तथा गैर वित्तिय सेवा प्रदान
-सहकारी शिक्षा तथा सामाजीक कार्य
-उचित दरमा ऋण व्याबस्था
-बिभिद बर्गमा सम्बन्ध स्थापना र विस्तार
-निम्न बर्गको व्यक्तिगत ,सामाजिक,आर्थिक उत्थानमा जोड

## सहकारीका मूल्य मान्यता

क) आाधारभूत मूल्य मान्यता
१)समानता
२)न्याय
३)प्रजातन्त्र
४)उत्तरदायित्व
५)स्वावलम्बी
६)एकयबद्धता

ख)नैतिक मूल्य
१) इमान्दारीता
२) सामाजिक उत्तरदायित्व
३) खुलापन
४) अरुको हेरचाह

## संस्था किन असफल हुन्छ

१ सदस्यलाई संस्था प्रति दायित्व वोध नभएमा ।
२ संचालक समितिका सदस्यले आफनो काम जिम्वेवारी पुर्ण तरिकाले निर्भाह नगरेमा ।
३ संचालक समिति का सदस्य पदलाई हेर्ने र आफनो निर्णय लादने भएमा ।
४ कर्मचारी आफनो कर्तव्य बाट विमुख भई संस्थालाई हानी नोक्सानि हुने कार्य तिर उन्मुत्त भएमा ।
५ संचालक समितिमा सदस्य हरु बिच गुदबन्दी भई कार्य सम्पादन बाधा आएमा ।
६ परम्परावादी सोच, आपसी झगडा,समन्यवको अभाव,अहमता,सहकारी ज्ञानको अभाव,सहि व्यवस्थापन को अभाब र संस्थागत सु-सासन कायम राख्न नसकेमा ।
७. संस्थाको सदस्यले समयमा बचत नगरेमा र ऋण समयमा नतिरेमा ।

## सदस्य बन्नको लागि आवश्यक नियमहरु

१. आदर्श आर्थिक विकास बचत तथा ऋण सहकारी संस्था लि. को सदस्य बन्नको लागि सुरुमा संस्थामा प्रवेश शुल्क रु ५० लाग्नेछ ।

२) यस संस्थाको कम्तीमा दुई कित्ता शेयर किनेको हुनुपर्छ, जसको मूल्य प्रति शेयर रु १००।- का दरले जम्मा रु २०० लाग्नेछ ।

३) नेपाली नागरिकताको १ प्रति प्रतिलिपि बुझाउनु पर्नेछ ।

४) ४ प्रति व्यक्तिको फोटो बुझाउनु पर्नेछ ।

५) हकवालाको को फोटो २ र नागरिताको फोटोकपी १ प्रति हुनुपर्दछ ।

६) कुनै एक प्रकारको बचत खाता खोल्लु पर्दछ ।

जस्तै- मासिक बचत खाता
जिवन साहारा खाता
साधारण बचत खाता

## विना धितो ऋण लिन आवश्यक कागजातहरु

- व्यक्तिगत तथा आयस्रोत विवरण खुल्ने कागजपत्र ।
- नागरिताको फोटोकपी ।
- पासपोर्ट साईजको फोटो २ प्रति ।
- व्यवशाय गरेको भएमा व्यवसाय दर्ता तथा प्यान दर्ताको फोटोकपी ।
- सदस्य जमानी एक जना तथा घर जमानी अनिवार्य हुनुपर्ने ।
- सदस्य जमानी र घर जमानीको नागरिताको फोटोकपी र फोटो १ प्रति
- नियमित बचत गरेको हुनुपर्नेछ ।

## धितोमा ऋण लिन आवश्यक कागजातहरु

- व्यक्तिगत तथा आयस्रोत विवरण खुल्ने कागजपत्र ।
- लालपुर्जाको प्रतिलिपि ।
- सम्बन्धित निकाय वाट प्रमाणीत नापी नक्सा तथा फाईल नक्सा ।
- चार किल्ला प्रमाणीत र तिरो तिरेको रसिद ।
- घर भएमा घरको नक्साको नक्सा ओरजिनल ।
- स्थाई इजाजत तथा भवन निमार्ण सम्पन्न प्रमाण पत्रको फोटोकपी ।
- व्यवशाय ऋण माग गरेको भएमा व्यवसाय दर्ता, प्यान दर्ता र कर चुक्ताको फोटोकपी ।
- घर जमानीको नागरिताको फोटोकपी र फोटो १ प्रति ।
- धन जमानी दिने सम्पुर्ण व्यक्तिहरुको फोटो तथा नागरिताको फोटोकपी ।

# हाल संस्थामा कर्जामा रहेको प्रचलित व्याजदर

| कर्जाको प्रकार | अवधि | सेवा शुल्क | ब्याज दर |
|---|---|---|---|
| १.व्यवसायिक कर्जा | ६ महिना देखि ३ बर्ष सम्म | १% देखि १.५% | १३-१५% |
| २.धितो जमानी कर्जा | अधिकत्तम ५ वर्ष | १.५%-२% | १३-१५% |
| ३.कृषि कर्जा | ३-६-१२ महिना | १% | १३% |
| ४.सामाजिक कर्जा | ३-६-१२ महिना | १% | १४% |
| ५.शैक्षिक कर्जा | ६ महिना देखि ७ बर्ष सम्म | १%-१.५% | १३-१५% |
| ६.एकमूष्ट भुक्तानी | ६ महिना देखि ३ बर्ष सम्म | १%-२% | १५% |
| ७.हायर पर्चेज | अधिकत्तम ३ वर्ष | १.५%-२% | १६% |
| ८.मुद्धती धितो | मुद्दतीको समयावधि | - | थप २% |
| ९.स्वास्थ्य तथा भैपरी | ६ महिना | ०.५% सम्म | १३% |
| १०.बचत धितो | बचतको समयाधि | - | थप ३% |
| ११.ओ.डि. कर्जा | ३-६-१२ महिना | १.५%-२% | १६% |
| १२.अन्य कर्जा | ६ महिना देखि ३ बर्ष सम्म | १.५%-२% | १५% |

## कृषि कर्जा

पशु विमा तथा वाली विमाको व्यवस्था ।
बर्षको दूई पटक पाउन सकिने ।
व्यवशायिक कृषि पेशामा संम्लन विशेष प्राथमिकता ।
अवधि १ बर्ष ।
त्रैमासिक किस्ता भुक्तानी गर्ने सकिने ।
सरल व्याजदर ।



यहि आउँदो
**विजया दशमी, शुभ-दिपावली** तथा
**छठ पर्ब २०८२** को पावन अवसरमा सम्पूर्ण
शेयर सदस्य तथा शुभ चिन्तकहरु प्रति सुख,शान्ति,
समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

**अध्यक्ष**
**एवं**
**आदर्श आर्थिक विकास बचत तथा ऋण सहकारी संस्था लि.**

**Aadarsha Arthik Bikash saving & Credit Co-operative Society Ltd.**

**केन्द्रिय कार्यालय: बनेपा-८, काभ्रेपलाञ्चोक**
**सेवा कार्यालय: बेथानचोक-२, काभ्रेपलाञ्चोक**

## लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु



राजेन्द्र श्रेष्ठ
संयोजक



बुद्धकुमार मानन्धर
सदस्य



नवराज दाहाल
सदस्य

## संस्थाका कर्मचारीहरु



भरत तिमल्सिना
व्यवस्थापक



मिलन श्रेष्ठ
ऋण अधिकृत



मिना शोभा मानन्धर
ब.कार्यालय सहायक



आयुषा वादे
कार्यालय सहायक



पदम नारायण तिमल्सिना
कार्यालय सहायक



विमला अवाल
बजार प्रतिनिधि



एलिना श्रेष्ठ
बजार प्रतिनिधि



सुजना तिमल्सिना
बजार प्रतिनिधि

## परिभाषा

यस जिवन सहारा बचत योजना भन्नाले संस्थाका सदस्यहरुलाई आउने आपतविपतमा सहपाठी भुमिका खेलि सदस्यलाई विमा,औषधि उपचार,मृत्यु राहत,सुत्केरी राहत तथा नवजात शिशु राहत र विभिन्न समयमा आईपर्न दैवि प्रकोप जस्ता कुरालाई ध्यानदिई सदस्यहरुमा सेवा पुराई संस्थाप्रति सदस्यको भुमिका र सदस्यप्रति संस्थाको भुमिकालाई उजागर गर्ने हेतुले यसलाई राहत नीति भनी परिभाषा गरिएको छ।

## उद्देश्य

यस योजनाको उद्देश्यको भनेको सदस्यहरुलाई सेवा सुविधा दिने नै हो। यस वाट सानो रकम जम्मा गरि भविष्यमा सदस्यहरुलाई पर्न जाने दुःख मर्कालाई केहि हदसम्म भए पनि साथ दिने उदेश्यले यस योजनालाई अधि सारेका छौं।

## जीवन सहारा बचतका सर्तहरु

१. जिवन सहारा बचतको सदस्यता फारम अनुसूची १ बमोजिम हुनेछ।
२. मासिक रुपमा रु २०० (अक्षेरुपी दुई सय रुपैयाँ मात्र ) नियमित बचत गरेको हुनु पर्ने छ।
३. यस योजनामा स्वयच्छिक योगदानमा आधारित रहने छ सदस्यलाई यस योजनामा रहन बाध्य पारिने छैन।
४. यो योजना सामाजिक योगदानमा आधारित भएको हुनाले संस्थाले दिने विभिन्न सुविधाहरु यसै बचत लाई आधार मानेर प्रदान गरिने छ।
५. यस योजनामा प्रवेश गर्दा रु १०० (अक्षेरुपी रु एक सय रुपैयाँ मात्र) सदस्य हितकोषमा सहयोग स्वरुप जम्मा गर्नु पर्ने छ। भने वार्षिक रुपमा खातामा जम्मा गरेको रकम वाट रु २०० (अक्षेरुपी दुई सय रुपैयाँ मात्र) निकालि सदस्य हितकोष खडा गरि सो कोषमा जम्मा गरिने छ। यस कोषमा जम्मा भएको रकमलाई यस योजना आवद्ध भएको शेयर सदस्यज्युहरुलाई पछि राहत स्वरुप प्रदान गरिने छ।
६. यस योजनामा संलग्न भएको सदस्यहरुले बचत गरेको १ वर्ष पछि मात्र सामाजिक योगदानमा आधारित सुविधा पाउने छन्।
७. यो योजनामा आवद्ध रहेका सदस्यले यस योजनाको रकम संस्थाको साधारण सदस्यता त्याग गर्दा,संस्थाले तोकेको समय अवधि वा सदस्यको मुत्यु पछि मात्र जम्मा गरेको रकम दावी भुक्तानी माग गर्न पाउने छ। (नोट सदस्यले आफ्नो राजी खुसीले योजना छोडेमा चलनचल्ती अनुसारको व्याजदर प्रदान गरिने छ )
८. यस योजना अर्न्तगत संस्थाले सदस्यहरुलाई निम्न किसिमका कार्यक्रममा राहत वितरण गर्ने छ।
९ यस योजनामा तोकिएको सेवा सुविधा प्राप्त गरि सकेको सदस्यले पटक पटक सेवा सुविधा दावी गरेमा संस्थाले उक्त सुविधा दिन वाध्य नहुने।

| क्र.सं | राहत रकमशिर्षक | राहत रकम रु | कैफियत |
|---|---|---|---|
| १ | मुत्यु राहत | ७००० ।- | |
| २ | दैविप्रकोप राहत ( भुकम्प,आगलागी,वाढी पहिरो ) | ५००० ।- | |
| ३ | विशेषउपचार राहत( सर्जरी तथा जटिल प्रकारका रोगभएको केसमामात्र ) | ५०००/१०००० ।- | |
| ४ | नवजातशिशु राहत (जम्मा २ पटक ) | १५००/१५००।- | |
| ५ | सुत्केरी राहत (जम्मा २ पटक ) | १५००/१५००।- | |
| ६ | दुर्घटना विमा | ५००००।- | |

१० नियमित बचत गरेको हकमा मात्र यस योजनाको सेवा सुविधा दिन संस्था वाध्य हुनेछ अन्यथा उक्त सुविधा दिन संस्था वाध्य हुनेछैन। साथै कुनै पनि घट्ना भएको ३ महिना भित्र सदस्यले कागजात सहित आफ्नो पर्ने रकमको दावी पेश गरि सक्नु पर्नेछ।
११.सदस्य ज्युहरु यो योजनामा आवद्ध भएपछि सदस्यले बार्षिक रुपमा जम्मा गरेको रकम वाट जम्मा गरको १ बर्ष पछि प्रत्येक वर्ष सदस्यको खाता बाट रु २०० रकम सदस्य हितकोषमा सार्नको लागि शेयर सदस्य मन्जुर भएको मानिने छ।
१२.पारिवारिक सदस्यहरुले आउने आपतविपत तथा मृत्यु राहत दावी गर्न पाउने छन्। परिवार भन्नाले सासु,ससुरा, श्रीमान्,श्रीमती छोरा तथा छोरीलाई मानिने छ। (नोट यदि विवाहित छोरीले आमा बावु पाली बचत गरेको हकमा भने सो को सम्पुर्ण जानकारी प्राप्त गरि भुक्तानी दिईने छ।)
१३.हकवाला भन्नाले शेयर सदस्य बन्दा इच्छाएको व्यक्ति भन्ने बुझिने छ। र माग दावी गर्दा हकवालालाई पहिलो प्राथमिकतामा राखि भुक्तानी गर्ने र अन्य पक्षलाई दोस्रो मानि भुक्तानी गरिने छ।
१४. सदस्य हितकोषमा जाने रकम प्रत्येक आ.व. को चैत्र मसान्त भित्र जीवन साहारा बचतबाट हितकोषमा सारिने छ।